
समुन्नत पर्यटकीय पोखरा

# वडागत व्यवसाय सम्भाव्यता अध्ययन

## प्रतिवेदन





# पोखरा महानगरपालिका

### व्यवसाय प्रवर्द्धन केन्द्र, सभागृह पोखरा

### असार २०८०

# वडागत व्यवसाय सम्भाव्यता अध्ययन

## प्रतिवेदन




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

---

### पोखरा महानगरपालिका

### व्यवसाय प्रवर्द्धन केन्द्र, सभागृह

### असार २०८०

# कार्यकारी सारांश

पोखरा महानगरपालिकामा निजी क्षेत्र समेतको सहभागितामा स्थापित व्यवसाय प्रवर्द्धन केन्द्रले उद्यमी व्यवसायीको शिप तथा क्षमता विकासका साथै नवीन तथा आधुनिक प्रविधिमा आधारित व्यवसायिक सोचहरुलाई प्रवर्द्धन गर्न आवश्यक परामर्श सेवा, वित्तीय पहुँच विस्तार र स्थानीय उत्पादनको मूल्य श्रृङ्खला सुदृढीकरणमा काम गर्दै आएको छ । स्थानीय तहमा सरकार तथा निजि क्षेत्र विच यस प्रकारको सहकार्य नेपालमा नै पहिलो र नमुना मानिएको छ । व्यवसाय स्थापना देखि कुशल सञ्चालन र बन्द गर्नेसम्मका आधारभुत सेवा स्थानीय स्तरमा नै सर्वसुलभ रूपमा उपलब्ध गराई उद्यमशीलता विकास र प्रतिस्पर्धी व्यवसायिक प्रणाली (विजनेस इकोसिस्टम) निर्माणमा सहयोग पुऱ्याउन केन्द्रले स्थापनाको छोटो अवधीमा नै विभिन्न महत्वपूर्ण कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गरेको छ ।

स्थानीय आर्थिक विकासका संवाहक क्षेत्रहरु पहिचान गरी त्यस्ता संवाहक क्षेत्रमा निहित प्रतिस्पर्धी लाभको उच्चतम उपयोग गर्न विभिन्न पकेट क्षेत्र (क्लस्टर)को विकास गर्न सके स्थानीय उत्पादनले आन्तरिक माग पूर्ती गरेर निर्यातको समेत सम्भावना छ । यही तथ्यलाई आत्मसाथ गरी पोखरा महानगरपालिकाका लागि विभिन्न वडाहरुको निरपेक्ष लाभ तथा तुलनात्मक लाभको विश्लेषण गरि कसरी पकेट क्षेत्रहरुमा विभाजन गर्न सकिन्छ भन्ने विषयमा जानकारी हासिल गर्न व्यवसाय प्रवर्द्धन केन्द्रबाट यो अध्ययन गरिएको छ । अध्ययनको उद्देश्य बमोजिम पोखराको स्थानीय अर्थतन्त्रलाई थप समावेशी र उत्थानशील बनाउन प्रतिस्पर्धी लाभका आधारमा सबै वडाहरुको वास्तविक अवस्थाको आंकलन गरि उपयुक्त सुझाव सहित विस्तृत प्रतिवेदन तयार पारिएको छ ।

स्रोत साधन र पूर्वाधारको अवस्था, बजार विस्तार र प्रतिस्पर्धी लाभ हासिल गर्न सक्ने विशेष क्षमतालाई समेत आधार मानेर निजी लगानीको दृष्टिकोणबाट उपयुक्त देखिएका देहायका क्षेत्रहरुलाई व्यवसायिक रुपमा सम्भाव्य क्षेत्रका रुपमा परिभाषित गरिएको छ । अध्ययनको नतिजा र स्थानीय जनप्रतिनिधिका साथै विषय विज्ञबाट प्राप्त सल्लाह सुझावलाई शंलेषण गरेर पहिचान गरिएको पोखरा महानगरपालिकाका वडाहरुको व्यवसायिक सम्भाव्यताको सारांश यहाँ प्रस्तुत छ ।

## १. पर्यटन तथा आतिथ्य सेवा क्षेत्र

पोखरामा आधुनिक पर्यटकीय सुविधा सहितका क्रियाकलापहरूमा लगानी र व्यवसाय विस्तारको प्रचुर सम्भावना रहेको छ । यस क्षेत्रलाई प्राप्त हिमाल आरोहण, भ्रमण, पदयात्रा र आतिथ्यता उद्योगमैत्री समुदाय र जनशक्तीको उपलब्धता नै व्यावसायिक समभावनाका आधार हुन ।

**पर्यटन क्षेत्रका सबल पक्ष र सम्भावनाहरू**

- प्रादेशिक राजधानी भएको हुँदा सुरक्षा व्यवस्था, व्यवसाय दर्ता, कर प्रणाली तथा पूरक व्यवसाय सम्बन्धी अधिकांश सुविधा उपलब्ध छन् ।
- पर्यटकीय आकर्षणका ताल, नदी, गल्छी र गुफा तथा सांस्कृतिक पर्यटकीय सम्पदाका रूपमा ३८७ मन्दिर, चर्च, गुम्बा, मस्जिद, धार्मिक स्थान तथा ऐतिहासिक धरोहर रहेका छन् ।
- हिमाल आरोहण, पदयात्रा, प्याराग्लाइडिङ, डुंगा सयरलगायतका साहसिक गतिविधि एवम् फुटबल, क्रिकेट, भलिबलजस्ता खेलकुदका लागि आवश्यक पूर्वाधार उपलब्ध छन् ।
- अन्तर्राष्ट्रिय विमानस्थलबाट बाह्य पर्यटकका लागि सहज आवगमन सेवा उपलब्ध छ भने पोखरा क्षेत्रमा २३ तारे स्तरका र ६५० पर्यटकीय स्तरका होटल, १०० भन्दा बढी पर्यटक स्तरीय रेस्टुरेण्ट र अन्य आतिथ्य सेवाका साथै स्तरीय आवास, मनोरञ्जन तथा खानाको सुविधा उपलब्ध छ ।
- उच्च शिक्षा प्रदान गर्ने विश्व विद्यालयका कार्यक्रमदेखि गुणस्तरीय विद्यालय शिक्षा तथा स्वास्थ्य सुविधा प्रदान गर्ने प्राविधिक शिक्षालय, अस्पताल र मेडिकल कलेज सञ्चालनमा छन् ।
- संघ, प्रदेश र महानगर तिनै तहका सरकारको प्राथमिकतामा पर्यटकीय सम्पदा विकास र प्रवर्द्धनका कार्यक्रमहरु परेका छन् ।

## २. कृषि, पशुपालन र वन क्षेत्र

पोखरामा व्यावसायिक कृषि र पशुजन्य उत्पादन, प्रशोधन तथा बजारीकरणका साथै वनजन्य उद्योग व्यवसायको पनि व्यापक सम्भावना रहेको छ । यस क्षेत्रमा व्याप्त व्यवसायिक सम्भावनाको सबैभन्दा ठुलो आधार भनेको बजार हो किनभने पर्यटन उद्योग नै अन्य उत्पादन तथा प्रशोधनजन्य क्षेत्रको बजार हो । साथै सबल मूल्यश्रृङखला र सहज पूर्वाधारले पनि कृषि, पशुपालन तथा वन क्षेत्रका उद्यम व्यवसायमा व्याप्त सम्भावनाहरुको पुष्टी गर्दछन् । यसबाहेक सम्भावनाका अन्य आधारहरु देहायका रहेका छन् ।

- व्यावसायिक कृषि र पशुपालन सम्बन्धी उद्यमशीलतामा युवाहरूको यथोचित आकर्षण बढेको छ भने उत्पादनमा आधुनिकीकरण र यान्त्रिकीकरण एवम् प्रविधिको प्रयोग बढ्दै गएको छ ।
- बेमौसमी तरकारी तथा फलफूलको उत्पादन तथा भण्डारण (चिस्यान केन्द्र) प्रविधिमैत्री बन्दै गएको, मूख्य शहरी क्षेत्रमा किसान बजार स्थापना र कृषि एम्बुलेन्स सञ्चालनमा रहेको छ ।

- पोखरा महानगरको ४१ प्रतिशत भू-भाग कृषियोग्य रहेको र अधिकांश क्षेत्रमा राम्रो सिँचाइ सुविधा र बजार पहुँचका लागि सडक सञ्जाल रहेको छ ।
- प्रांगारिक तथा परम्परागत कृषि उत्पादनका लागि स्थापित बजार केन्द्रको उपलब्धता र आन्तरिक बजारमा मजबुत मागको अवस्था ।
- स्थानीय वासिन्दामा परम्परागत कृषि, पशु तथा वनजन्य उत्पादनको मूल्य श्रृंखला सवलीकरणमा चासो वृद्धि भएको छ ।
- कृषि तथा गैरकाष्ठ वनपैदावर उत्पादनहरूको प्रशोधन एवम् बजारीकरण लागि निजी-सार्वजनिक साझेदारीमार्फत् व्यवसाय सञ्चालन गर्न सकिने अवस्था छ ।
- विद्यमान कृषि बजार केन्द्रहरूको स्तरोन्नतिमा सहयोग तथा नयाँ थोक र खुद्रा बजार केन्द्रको विकास भएको अवस्था छ ।
- संघ, गण्डकी प्रदेश तथा महानगरबाट यो क्षेत्रको प्रवर्द्धनका लागि प्रशस्त वित्तीय सहुलियत र अनुदानका योजनाहरु सञ्चालनमा रहेको अवस्था ।

### ३. उद्योग तथा व्यापार क्षेत्र

उद्योग तथा व्यापार क्षेत्रले स्वरोजगारी सिर्जनाका साथै महानगरमा हरित, उत्थानशील र समावेशी उद्यम व्यवसायहरुको विकास र विस्तारमा महत्वपूर्ण योगदान गर्न सक्ने सम्भावना रहेको छ । पोखराका उद्यमीहरूले जनशक्ति विकासका लागि रोजगार तालिम उपलब्ध गराएर तथा नयाँ प्रविधिहरू अवलम्बन गरेर उद्यमशीलताको भाव प्रदर्शित गरेका छन् । विशेष महत्वको कुराचाहिँ निर्माणाधीन नयाँ औद्योगिक क्षेत्र हो, जसले सम्भाव्य व्यवसायहरू सुरु गर्न तथा विस्तार गर्न अवसरहरू उपलब्ध गराउँछ । तर्जुमाको क्रममा रहेका र कार्यान्वयनमा रहेका कतिपय पूर्वाधार परियोजनाहरूले सुदृढ यातायात सञ्जालमार्फत् वस्तु तथा बजारसम्मको पहुँच सुधार गर्न सहयोग गर्दछ ।

**उद्योग व्यापार क्षेत्रका सबल पक्ष र सम्भावनाहरू**

- गुणस्तरीय एवम् प्रतिस्पर्धी वस्तु तथा सामग्री उत्पादनका लागि कच्चा पदार्थ आपूर्ती तथा बजारिकरणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा सहज पहुँच भएको ।
- बैंक, बीमा तथा वित्तीय सेवाका साथै व्यवसाय सञ्चालनका लागि आवश्यक अन्य प्रशासनिक सेवाहरु उपलब्ध भएको ।
- सरकार नीजि क्षेत्रका साथै उद्योग तथा व्यवसाय क्षेत्रका सरोकारवाला र सम्बन्धित सरकारी निकायहरूसँगको जीवन्त सम्पर्क र सहकार्य रहेको अवस्था ।
- उपभोगमार्फत आर्थिक वृद्धिमा योगदान गर्ने गरी वैदेशिक रोजगारीबाट उच्च विप्रेषण प्रवाह तथा औद्योगिक वस्तुको बजार मागमा वृद्धि भई रहेको अवस्था ।

- सुव्यवस्थित सडक तथा हवाई यातायात सञ्जालसहितको आर्थिक केन्द्रका रूपमा स्थापित भएको (सडक मार्ग र हवाई मार्गबाट नेपालका प्रमुख सहरका साथै अन्तर्राष्ट्रिय बजारसँग जोडिएको)।
- साबिकको लेखनाथ नगरपालिका तथा अन्य गाउँपालिका क्षेत्रमा विस्तारित बजार केन्द्रहरू र बढ्दो आर्थिक गतिविधि।
- महानगरको वडा नं. ३३ मा ठूलो क्षेत्रफलको नयाँ औद्योगिक क्षेत्र स्थापनाको तयारी भएको।
- महानगरका वडा कार्यालयहरूमा कर संकलन, सुझाव तथा व्यवसाय अनुमति दिन सक्ने अधिकारसहितको जनशक्तिमार्फत् सेवा प्रवाह भएको हुँदा व्यवसायमैत्री वातावरण बनेको।

### ४. सूचना प्रविधि र नवप्रवर्तनमा आधारित नवउद्यम (स्टार्टअप) क्षेत्र

नेपालको पर्यटकीय राजधानीका रुपमा परिचित पोखरा क्षेत्रमा आन्तरिक तथा बाह्य लगानीकर्ता खासगरी युवा उद्यमीहरूलाई सूचना प्रविधिमा आधारित नवउद्यमहरुबाट उच्चतम प्रतिफल हासिल गर्न सक्ने प्रशस्तै आधारहरू छन्। महानगरपालिकाले संघ तथा प्रदेश सरकारका साथै विकास साझेदार र निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा आवश्यक नीतिगत सुधार र व्यावसायिक वातावरणमा थप सहजीकरण गर्न सके सिर्जनशील युवा जनशक्ति आफैं अग्रसर भएर पोखरालाई सूचना प्रविधिमा आधारित नवउद्यमहरुका लागि आकर्षक सहरका रूपमा रूपान्तरण गर्न सक्ने सम्भावना रहेको छ। यस्तो सम्भावनाका आधारहरु देहाय बमोजिम रहेका छन्।

- सूचना, प्रविधि सम्बन्धी पूर्वाधार सुधार गर्ने र पोखरालाई स्मार्ट सहर बनाउने सन्दर्भमा महानगरको स्पष्ट दीर्घकालीन सोच।
- संघीय, प्रादेशिक र स्थानीय तहका सरकारहरूबाट पोखरा उपत्यकामा सूचना प्रविधि अध्ययन-अनुसन्धान र उद्यानजस्ता योजनाहरू समावेश हुनु।
- सिर्जनशीलता आकर्षित गर्न सहयोगी हुने खालका जनशक्ति र राम्रो सामाजिक अवस्था (अंग्रेजी भाषको दखल, उच्च साक्षरता र मानव विकास सूचकांकसहित) भएको।
- सूचना प्रविधि र युवालाई पर्यटन विकास एवम् अन्य क्षेत्रसँग जोड्न सक्ने राम्रो सम्भावनाका कारण केही नवीनतम कार्य सुरु भएको।
- महानगरले युवाहरूलाई समावेशी र उत्थानशील आर्थिक तथा सामाजिक परिवर्तनका वाहक शक्तिका रूपमा आत्मसाथ गरेको अवस्था।
- युवा उद्यमशीलता तथा सिर्जनशीलतालाई सहयोग गर्न प्रविधिसहितका प्रशिक्षण केन्द्र स्थापना सम्बन्धी सोच रहेको।
- महानगरले विस्तारै आफ्ना सेवाहरू विद्युतीय (अनलाइन) माध्यमबाट प्रवाह गर्ने प्रतिवद्धता अनुरूप काम सुरु गरिसकेको अवस्था।
- गण्डकी प्रदेश सरकारले पोखरामा सूचना प्रविधि पार्क निर्माणको योजना अघि सारेको।

अध्ययनले क्षेत्रगत र वडागत सम्भावना र अवसरहरुका साथै समस्या र चुनौतीहरु समेत पहिचान गरी केही सुझाव समेत प्रस्तुत गरेको छ । गण्डकी प्रदेश तथा पोखरा महानगरपालिका बाट तर्जुमा गरिने नीति रणनीति तथा योजनाको कार्यान्वयनबाट नै ती चुनौतीहरूको सामना गर्न र भएका सम्भावना तथा अवसरको सदुपयोग गर्न सकिन्छ । ती सुझावहरु देहायबमोजिम छन् :

- **न्यूनकार्बन तथा उत्थानशील विकास :** उद्योग व्यापार क्षेत्रको विस्तारसँगै उद्योगहरूलाई जलवायु परिवर्तन र अन्य प्रकोपहरूप्रति अनुकूलित र उत्थानशील हुन न्यूनकार्बनमुखी र ऊर्जा कुशल प्रविधिहरूमा लगानी गर्न प्रोत्साहन गर्ने । यसबाहेक नयाँ औद्योगिक क्षेत्रले वातावरण संरक्षण, उत्थानशीलता तथा न्यूनकार्बन उत्सर्जन सम्बन्धी आवश्यकता र मार्गदर्शन तय गर्ने ।

- **व्यावसायिक र पेशागत सीप विकास :** यसका लागि सम्भावित वनउद्यमी तथा श्रमिकहरुलाई स्थानीय तालिम प्रदायक संस्थाहरू परिचालन गरी विज्ञको सहयोगमा तालिम दिन सकिन्छ र यसले बढ्दो हरित अर्थतन्त्रमा रोजगारीका अवसरहरू विस्तार गर्न सहयोग पुऱ्याउँछ ।

- **समावेशीकरण :** सीमान्तीकृत समुदायहरूको सहभागिता वृद्धि गर्न नगरपालिकाले उच्च वृद्धि र विस्तारको सम्भावना भएका उद्योगहरूको पकेट क्षेत्र (क्लसटर) बनाएर उपयुक्त वातावरण र प्रोत्साहन उपलब्ध गराउनु पर्छ ।

- **विप्रेषणको उत्पादनशील उपयोगमा जोड :** विदेशबाट प्राप्त हुने विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन प्रोत्साहन गर्न कार्यक्रमहरू ल्याइनुपर्छ । यसबाट दैनिक उपभोग्य वस्तु वा अन्य घरायसी सामग्रीजस्ता अनुत्पादनशील क्षेत्रमा खर्च कम भई आर्थिक लाभ सिर्जना हुन पुग्छ ।

- **व्यावसायिक वातावरण :** विभिन्न रणनीतिमार्फत् व्यवसाय सञ्चालन गर्ने वातावरणमा सुधार गर्न सकिन्छ, जसलाई थप मूल्यांकन र प्राथमिकीकरण गरिनुपर्छ । यसअन्तर्गत नयाँ दर्ता प्रक्रियाको सरलीकरण, व्यवस्थित ठोस फोहर व्यवस्थापन प्रणालीका साथै अन्य सार्वजनिक सेवाको विकास, पुँजीमा सहज पहुँच, सार्वजनिक खरिद प्रक्रियाको सहजीकरणलगायत पर्दछन् ।

- **सार्वजनिक-निजी साझेदारी :** सार्वजनिक-निजी साझेदारीलाई बृहत् स्तरका औद्योगिक तथा सेवामूलक उद्योगमा लगानी गर्न प्रोत्साहित गर्न सकिन्छ ।

# विषय सूची

**परिच्छेद १ : परिचय**

१.१ पृष्ठभूमि ........ १

१.२ अध्ययनको औचित्य र उद्देश्य ........ २

१.३ अध्ययन विधि ........ ३

१.४ अध्ययनको परिधि र सीमा ........ ४

**परिच्छेद २ : महानगरको वर्तमान वस्तुस्थिती**

२.१ भूगोल र भू-उपयोग ........ ६

२.२ जनसांख्यिक बनोट ........ ९

२.३ उद्योग व्यवसाय ........ १२

**परिच्छेद ३ : महानगरको व्यवसायिक सम्भाव्यता**

३.१ पृष्ठभूमी ........ १४

३.२ पर्यटन तथा आतिथ्य सेवा क्षेत्र ........ १५

३.३ कृषि, पशुपालन र वन क्षेत्र ........ १७

३.४ उद्योग तथा व्यापार क्षेत्र ........ २१

३.५ सूचना प्रविधि र नवप्रवर्तनमा आधारित नवउद्यम (स्टार्टअप)हरु ........ २४

**परिच्छेद ४ : वडागत व्यवसायिक सम्भाव्यता**

४.१ पृष्ठभूमी ........ २७

४.२ कृषि तथा वनजन्य व्यवसाय ........ २८

४.३ कृषि तथा पशुपालन व्यवसाय ........ २९

४.४ स्वास्थ्य तथा शिक्षा सम्वन्धी व्यवसाय ........ ३०

४.५ सूचना प्रविधि तथा अन्य सेवा व्यवसाय ........ ३१

४.६ उत्पादन तथा प्रशोधन व्यवसाय ........ ३२

४.७ निर्माण तथा खनिजजन्य व्यवसाय ........ ३३

४.८ थोक तथा खुद्रा व्यापार ........ ३४

४.९ पर्यटन तथा आतिथ्य सेवा व्यवसाय ........ ३५

४.१० समग्र महानगरको अवस्था ........ ३६

**परिच्छेद ५ : नतिजा सारांश**

५.१ नतिजा सारांश ........ ३७

**परिच्छेद ६ : निष्कर्ष र सुझाव**

६.१ निष्कर्ष ........ ५६

६.२ सुझावहरु ........ ५७

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

पोखरा महानगरपालिकामा निजी क्षेत्र समेतको सहभागितामा यस क्षेत्रको व्यवसायिक वातावरण सुधार तथा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन मार्फत कुशल र प्रतिस्पर्धी नवउद्यमहरूको विकासका लागि व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालनमा ल्याएको छ। उद्यमी व्यवसायीका लागि सेवा केन्द्रको रुपमा कार्य गर्ने लक्ष्य सहित स्थापना भएको केन्द्र नवीन तथा आधुनिक प्रविधिमा आधारित व्यवसायिक सोचहरुलाई प्रवर्द्धन गर्न आवश्यक परामर्श सेवा, वित्तीय पहुँच विस्तार र स्थानीय उत्पादनको मूल्य श्रृङ्खला सुदृढीकरणमा प्रतिवद्ध छ । त्यसका लागि आवश्यक आधारभुत सेवा स्थानीय स्तरमा नै सर्वसुलभ रूपमा उपलब्ध गराई उद्यमशीलता विकास गरी विस्तारै प्रतिस्पर्धी व्यवसायिक प्रणाली ( विजनेस इकोसिस्टम) निर्माणमा सार्वजनिक-निजी संवादको माध्यमबाट नीतिगत तथा प्रक्रियागत सुधार आवश्यक छ।

यसर्थ केन्द्रको प्रमुख उद्देश्य पोखरा क्षेत्रमा व्यवसाय गर्ने वातावरणमा सुधार गरी थप लगानी आकर्षित गर्दै हरित, उत्थानशील तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग पुऱ्याउनु हो। यसका लागि नगरपालिका र निजी क्षेत्र दुवैबीच नीतिगत, संस्थागत र प्रक्रियागत सुधार गर्ने, अध्ययन अनुसन्धानलाई अघि बढाउने र सार्वजनिक-निजी साझेदारीको सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विषयमा अर्थपूर्ण सहकार्य अपेक्षित छ । व्यवसायको सञ्चालन लागत न्यूनीकरण गरेर उत्पादकत्व, उत्पादन र कार्यदक्षता अभिवृद्धि गर्ने दिशामा महानगरपालिका तथा निजी क्षेत्रबीच सार्थक सहकार्य स्थापित गर्न केन्द्रको भूमिका वान्छनीय छ।

अध्ययन-अनुसन्धान, अनुभव तथा सिकाइ आदान प्रदान र प्रविधि हस्तान्तरणका माध्यमबाट नै साथै साना तथा मझौला व्यवसायीको क्षमता अभिवृद्धि हुने र नवउद्यमहरुको सहज वातावरण सिर्जना हुने विषयमा महानगर र केन्द्र स्पष्ट छ। तथ्य र प्रमाणमा आधारित नीति, योजना र कार्यक्रम तर्जुमामा सहयोग पुऱ्याउने अभिप्रायले महानगरका सबै वडाहरुमा कस्ता कस्ता उद्यम व्यवसायहरु सञ्चालनमा छन् र सो क्षेत्रका उद्यमी व्यवसायीहरुलाई संवर्द्धन तथा थप लगानी प्रवर्द्धन गर्न महानगर, निजी क्षेत्र र अन्य विकास साझेदारहरुबाट के कस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरु लागु गर्न सकिन्छ भन्ने विषयमा यो अध्ययन केन्द्रित छ।

## १.२ अध्ययनको औचित्य र उद्देश्य

पोखराको आर्थिक विकासका संवाहक क्षेत्रहरुलाई पकेट क्षेत्र (क्लस्टर)को अवधारणा अनुरुप विकास गरी त्यस्ता क्षेत्रहरुमा निहित प्रतिस्पर्धी लाभको उच्चतम उपयोग गरी आन्तरिक उपभोगका साथै निर्यातबाट समेत लाभ लिन सकिने प्रशस्त सम्भावना छ । त्यसका लागि विभिन्न वडाहरुको निरपेक्ष लाभ तथा तुलनात्मक लाभको विश्लेषण गरि केही पकेट क्षेत्रहरुमा विभाजन आवश्यक पर्दछ । त्यस्ता क्षेत्रहरुबाट उत्पादीत वस्तु तथा सेवाहरुलाई बजारमा प्रतिस्पर्धी लाभ हासिल गर्न सहयोग पुऱ्याउन उत्पादनका साधनहरुको उपलव्धता, सम्वन्धित र सहयोगी क्षेत्रको विकास, आपूर्ती तथा मूल्य सृङखला सवलिकरण र सरकारी नीतिगत सुधार वा सहजिकरणका विषयमा गहन अध्ययन र विश्लेषण आवस्यक मानिन्छ ।

उपरोक्त सन्दर्भमा यस अध्ययनको प्रमुख उद्देश्य पोखराको स्थानीय अर्थतन्त्रलाई थप समावेशी र उत्थानशील बनाउन प्रतिस्पर्धी लाभका आधारमा सबै वडाहरुको वास्तविक अवस्थाको आंकलन गरि उपयुक्त पकेट क्षेत्रहरु घोषणा गर्ने आधार तय गर्नु हो । यस अध्ययनका बिशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

१. पोखरा महानगरपालीकाका वडाहरुमा अहिले सञ्चालनमा रहेका उद्यम व्यवसायहरुको तथ्यांक संकलन र लेखाजोखा गर्नु ।
२. प्रत्येक वडामा सम्भाव्य उद्यम ब्यवसायहरुको पहिचान गर्नु ।
३. वडागत रुपमा व्यबसाय संचालन गर्दाका चुनौति र समस्याहरुको खोजि गरि समाधानका उपायहरुको पहिचान गर्नु ।
४. महानगरका वडाहरुलाई विभिन्न पकेट क्षेत्रमा विभाजन गरि सम्भाव्य व्यवसायहरुको प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गरि कार्यान्वयनमा लैजान आर्थिक विकास महाशाखालाई उपयुक्त सुझाव पेश गर्नु ।

अध्ययनबाट प्राप्त नतिजा र प्रमाणहरु महानगरलाई आवश्यक नीति, योजना र कार्यक्रम तर्जुमा गर्न सहयोगी सिद्ध हुनेछन् । खासगरि यस अध्ययनले महानगरका विभिन्न वडाहरु वा पकेट क्षेत्रहरुमा प्राविधिक र आर्थिक रुपमा कस्ता कस्ता व्यवसायहरुको सम्भावना बढी छ भनेर प्रमाणमा आधारित निर्णय गर्ने वस्तुगत आधारहरु प्रदान गर्नेछ ।

अध्ययनले पहिचान गरेका वडागत वा क्षेत्रगत व्यवसायिक सम्भाब्यताको आधारमा महानगर र सम्बन्धित वडाले आवश्यक निति, योजना र रणनिति बनाई सम्भावित व्यवसायहरुको प्रवर्द्धन तथा सम्वर्द्धन गर्न सक्नेछन् । अध्ययनका सुझावका आधारमा विशिष्टिकृत कार्यक्रमहरु सञ्चालन गर्न सके सम्वन्धित क्षेत्रहरुमा थप लगानी आकर्षित र प्रविधि हस्तान्तरण हुने भएकोले उद्यम व्यवसायको उत्पादन लागत न्यूनिकरण भई उत्पादकत्वमा बृद्धी हुने र रोजगारिको सिर्जनाबाट समुन्नत महानगरपालिकाको लक्ष्य हासिल गर्नमा फलदायी हुनेछ ।

## १.३ अध्ययन विधि

समावेशी स्थानीय आर्थिक विकासको मूल ध्येय स्थानीय तहको भौगोलिक क्षेत्रमा सम्भाव्य र बजारमा प्रतिस्पर्धी लाभ भएका आर्थिक गतिविधि प्रवर्द्धन गरि रोजगारी सिर्जनामार्फत् समुदायको आर्थिक हैसियत र जिवनस्तरमा सुधार ल्याउनु हो । यो एक यस्तो जटिल प्रक्रिया हो जुन सरकार, निजी क्षेत्र, विकास साझेदार तथा समुदायको अर्थपूर्ण सहकार्यमा मात्र सम्भव हुन्छ । सोही मार्गदर्शनबाट निर्देशित यस अध्ययनका क्रममा मिश्रित अनुसन्धान विधिको अवधारणा अवलम्वन गरिएको छ ।

सर्वप्रथम पोखरा महानगरका आधारभुत तथ्यांकहरु राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र महानगरले विगतमा गरेका विभिन्न अध्ययन प्रतिवेदनहरुबाट संकलन गरि आवश्यक विश्लेषण गरियो । त्यसैगरी, राष्ट्रिय आर्थिक गणना २०७५ मा उपलब्ध सूचना तथा तथ्यांकहरुको विश्लेषण गरि समग्र महानगरको आर्थिक तथा व्यवसायिक वातावरणको अवस्था आंकलन गरियो, जसबाट समग्र पोखरा क्षेत्रमा विद्यमान व्यवसायिक सम्भाव्यताको आंकलन गर्न र विभिन्न पकेट क्षेत्रहरुको अनुमान लगाउन सजिलो भयो ।

दोस्रो चरणमा महानगरको राजस्व शाखामा दर्ता भएका उद्योग व्यवसायहरुको विवरण संकलन गरि वडागत रुपमा दर्ता भएका व्यवसायहरुलाई राष्ट्रिय औद्योगिक वर्गिकरणका आधारमा सम्भव भएसम्मका समूहमा विभाजन गरियो । त्यसैगरी, पोखरा उद्याग वाणिज्य संघ र लेखनाथ उद्योग वाणिज्य संघमा आवद्ध भएका व्यवसायहरुको सूचि संकलन गरि तिनीहरुलाई पनि वडागत र समूहगत रुपमा वर्गिकरण गरियो । दुबै स्रोतबाट प्राप्त गरि एकिकृत गरिएका समूहगत व्यवसायहरुलाई दर्ता भएका वडाहरुलाई आधार मानेर हरेक समुहका व्यवसाय कुन कुन वडामा कती कती प्रतिशत छन् भन्ने आंकलन गरियो ।

द्धित्तीय स्रोतबाट संकलन गरिएका तथ्यांकहरुको विश्लेषणबाट महानगरका वडाहरुमा विद्यमान उद्योग व्यवसायको अवस्था आंकलन गरिसकेपछि प्राथमिक स्रोतबाट संकलित सूचनाका आधारमा पुष्ट्याईको प्रयास गरिएको छ । प्राथमिक सूचना संकलनका लागि सबै वडाहरुको स्थलगत भ्रमण गरि वडाका पदाधिकारी वा कर्मचारी र अन्य प्रमुख सूचनादाताहरुबाट सम्वन्धित वडामा के कस्ता व्यवसायहरु छन् र अन्य के के सम्भावनाहरु रहेका छन् भन्ने विषयमा सूचना संकलन गरियो । त्यसैगरी, निजी क्षेत्रका संघसंस्थाका प्रतिनिधि र सरोकारवालाहरुबाट सम्भावनाका साथै समस्या र चुनौतीका विषयमा सूचना र विचार संकलन गरियो । सोही छलफलका क्रममा स्थानीय वस्तुगत अवस्थाको विषयमा जानकारी सहित सुधारका लागि सल्लाह सुझाव समेत प्राप्त गरियो ।

त्यसरी प्राथमिक र दित्तीय स्रोतबाट संकलित तथ्यांक र प्राप्त सूचना तथा सल्लाह सुझावको विश्लेषण तथा नतिजाहरुको संश्लेषण गरि मस्यौदा प्रतिवेदन तयार गरियो । उक्त मस्यौदा प्रतिवेदन सरोकारवाला, महानगरका अधिकारी तथा विषय विज्ञहरुको उपस्थितीमा आयोजित कार्यशाला गोष्ठीमा प्रस्तुत गरि थप सुझाव र पृष्ठपोषण प्राप्त गरियो । कार्यशालामा छलफलका क्रममा प्राप्त सल्लाह सुझाव र पृष्ठपोषण अनुरुप परिमार्जन गरि प्रतिवेदनलाई अन्तिम स्वरुप प्रदान गरियो ।

## १.४ अध्ययनको परिधि र सीमा

भूगोलका हिसाबले पोखरा नेपालको सबैभन्दा ठूलो महानगर हो भने गण्डकी प्रदेशको एक मात्र महानगरपालिका हो । साविकका दुईवटा नगरपालिकाहरू पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिका सहित छिमेकी गाउँ विकास समितिहरू आपसमा गाभिएर बनेको पोखरा महानगरको क्षेत्रफल करिब ४६४ वर्ग कि.मि. छ । भूगोलका हिसाबले काठमाडौं महानगरभन्दा नौ गुणा ठूलो पोखरा महानगरपालिका प्रशासनिक रूपमा ३३ वडामा विभक्त छ । उपलब्ध प्राकृतिक तथा मानवीय स्रोत साधनको समुचित उपयोग गर्दै वि.सं. २१०० सम्म समुन्नत पर्यटकीय सहरमा रूपान्तरित हुने दीर्घकालीन लक्ष्य तय गरेको यो महानगर अत्यन्तै विविधीकृत र समावेशी छ ।

संघीय संरचनापछि नवगठित महानगरको विविधता नै यसको सौन्दर्य हो । स्थानीय परिवेश अनुसार यसका वडाहरु अत्याधुनिक सहरी क्षेत्रदेखि अर्धसहरी र निर्वाहमुखी ग्रामीण क्षेत्रसम्म फैलिएका छन् । पोखरा महानगरले स्थानीय अर्थतन्त्रका मख्य संवाहकका रूपमा क्रमशः पर्यटन तथा आतिथ्य सेवा, कृषि तथा पशुपालन र उद्योग व्यापार क्षेत्रलाई लिएको छ । तसर्थ यहाँ विद्यमान व्यवसायहरु अत्याधुनिक सहरी चरित्र सहितका पर्यटन, आतिथ्य तथा मनोरञ्जन सेवादेखि निर्शाहमुखि कृषि उद्यम र अनौपचारिक

पेसा व्यवसाय समेत सञ्चालनमा छन् । यसरी उत्तरआधुनिक शहरी अर्थतन्त्रदेखि निर्वाहमुखी ग्रामीण अर्थतन्त्र भएको विशाल महानगरमा व्याप्त व्यवसायिक सम्भाव्यताको पहिचान गर्नु सिमित स्रोतबाट छोटो अवधीमा गरिएको अध्ययनका लागि किनै चुनौतीपूर्ण कार्य हो ।

राष्ट्रिय आर्थिक गणना २०७५ ले पोखरा महानगर क्षेत्रमा करिब २८ हजार उद्यम व्यवसाय रहे पनि त्यसको आधाभन्दा कम मात्रै औपचारिक रुपमा दर्ता भएको औल्याएको छ । त्यसमा पनि अझै कम (करिब ५ हजार) मात्र महानगरपालिका दर्ता र उद्योग वाणिज्य संघहरुमा आवद्ध रहेकोले अन्य कैयौं व्यवसाय अध्ययनको क्रममा नसमेटिएका हुन सक्छन् । त्यसैगरी, कैयौं व्यवसायहरु एक वडामा दर्ता भई अर्कै वडामा व्यवसाय गरिरहेका पनि हुन सक्छन् । यस अध्ययन प्रयोजनका लागि भने दर्ता भएको वडालाई नै आधार मानिएको छ भने दर्ता नभई सञ्चालित अनौपचारिक व्यवसाय समावेश छैनन् ।

बिशाल भूगोग ओगटेका विकट र निर्वाहमुखी ग्रामीण अर्थतन्त्रले पनि अत्याधुनिक सहरी अर्थतन्त्रको प्रवर्द्धनमा उल्लेख्य योगदान गरेको हुन्छ । त्यस्तो योगदानका विषयमा यकिन तथ्यांक नभएकोले ग्रामिण क्षेत्रलाई स्थानीय कृषि उत्पादनको सम्भाव्य क्षेत्रका रुपमा वर्गिकरण गरिएको छ । यद्यपी, यावत सीमाका अतिरित्त, महानगरले आगामी दिनमा निर्माण गर्ने योजना तथा रणनीतिका लागि यस अध्ययनबाट प्राप्त हुने नतिजा र निष्कर्ष अत्यन्तै उपयोगी हुने अपेक्षा गरिएको छ । खासगरि प्राप्त नतिजा र विज्ञहरुको सुभावलाई संस्लेषण गरि महानगरका ३३ वडाहरुलाई सम्भाव्यताका आधारमा केही पकेट क्षेत्रहरुमा विभाजन गरि सोही अनुरुप निजी क्षेत्र र विकास साभ्मेदारहरु सँगको सहकार्यमा प्रवर्द्धनात्मक आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्न यो अध्ययन प्रभावकारी हुने विश्वास लिइएको छ ।

# परिच्छेद २

# पोखरा महानगरपालिकाको वस्तुस्थिती

वि.सं. २०१६ सालमा गठित पोखरा महानगरपालिका नेपालका पुराना नगरपालिकाहरु मध्येको एक हो । साविक पश्चिमाञ्चल विकास क्षेत्रको प्रशासनिक केन्द्र समेत रहेको यो महानगर कास्की जिल्लाको सदरमुकाम र गण्डकी प्रदेशको राजधानी पनि हो । संघीयतापछि राज्य पुरर्संरचनाको क्रममा २०७३ साल फाल्गुण २७ गते साविकको पोखरा उपमहानगरपालिकामा लेखनाथ नगरपालिका र वरिपरिका गाउँपालिकाहरु (पूर्ण र आंशिक गरी) समेत समावेश गरी महानगरपालिका घोषणा भएको थियो । प्रशासनिक रुपमा कूल ३३ वटा वडामा विभाजित पोखरा महानगरको पूर्वमा तनहुँ जिल्ला र रुपा गाउँपालिका, उत्तरमा मादी गाउँपालिका, पश्चिममा माछापुच्छ्रे र अन्नपूर्ण गाउँपालिकाका साथै पर्वत जिल्ला र दक्षिणमा स्याङ्जा जिल्ला रहेको छ । यस परिच्छेदमा व्यवसायिक सम्भाव्यताका हिसावले उपयुक्त वस्तुस्थिती र तथ्यांकहरु मात्रै प्रस्तुत गरिएको छ ।

## २.१ भूगोल र भू-उपयोग


नेपालको राजधानी काठमाडौंदेखि २०० कि.मि. पश्चिम र नेपाल-भारत सीमा (सुनौली) देखि १७९ कि.मि. उत्तर-पूर्वमा अवस्थित पोखरा कुमारी हिमालको रुपमा प्रख्यात माछापुच्छ्रे हिमालको आधारबाट २८ कि.मि. मात्र दक्षिणमा पर्दछ । नेपालको झण्डै मध्यभागमा पर्ने पोखरा हिन्दुहरुको प्रशिद्ध तिर्थस्थल मुक्तिनाथ र चिनसँगको सीमा नाका कोरला प्रवेशको प्रमुख द्धार पनि हो । समुन्द्र सतहबाट करिब ५०० मिटरदेखि २६५० मिटरको उचाईमा फैलिएको पोखरा उपत्यकाको समतलीय भागको औसत उचाई ८२७ मिटर रहेको छ । भौगोलिक क्षेत्रफलका हिसाबले ४६४.२४ वर्ग किलोमिटरमा फैलिएको पोखरा महानगरपालिका उपत्यका, ताल, नदी, गुफा, खोँच, बेसी र पहाडी भू-धरातलको संगम हो ।

यसर्थ, पोखराले पर्यटकीय गतिविधिहरु (पर्या-पर्यटन, हिमाली पर्यटन, साहसिक पर्यटन र कृषि-पर्यटन आदि) र यससँग सम्वन्धित आतिथ्य र मनोरञ्जनात्मक सेवा व्यवसायहरुको व्यापक सम्भावना र क्षमता बोकेर बसेको छ । यहाँ रहेका फेवा, बेगनासलगायतका १० तालहरु, नजिकै देखिने हिमश्रिङ्खला तथा अन्नपूर्ण पर्यटन मार्ग र मुक्तिनाथ क्षेत्रको प्रवेश नाका भएको कारणले यो शहर राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटनको केन्द्रका रुपमा स्थापित भइसकेको छ । फलस्वरुप, यो महानगर नेपालको पर्यटकीय राजधानीका रुपमा चिनिएको मात्रै छैन र पोखरालाई काठमाडौं पछिको दोश्रो ठुलो र व्यस्त आर्थिक

केन्द्रका स्थापित गर्न महत्वपूर्ण योगदान गरिरहेको छ । सबैभन्दा ठुलो भूगोल र विविधिकृत महानगर आन्तरिक तथा अन्तर्राष्ट्रिय विमान्स्थलका माध्यमबाट देश बिदेशका विभिन्न शहरसँग हवाईमार्ग मार्फत समेत जोडिएको छ। यसबाट यो महानगरलाई पर्यटन बाहेक हवाई ट्रान्जिटका रुपमा विकास हुने प्रचुर सम्भावना प्राप्त भएको छ।

पोखरा महानगरको विद्यमान भू-उपयोगको अवस्था हेर्दा वन र कृषि क्षेत्रले सबैभन्दा बढी क्रमशः ४२.३० प्रतिशत र ४१.०५ प्रतिशत भूभाग ओगटेको देखिन्छ। बस्तीसहितको (संरचना) क्षेत्रले ६.२९ प्रतिशत, जलक्षेत्रले ४.२७ प्रतिशत र औद्योगिक तथा व्यवसायिक क्षेत्रले १.२० प्रतिशत भूभाग ओगटेको छ। सार्वजनिक, सम्पदा तथा अन्य उपयोगको क्षेत्रमा ४.८९ प्रतिशत भूमि उपयोग भएको देखिन्छ। मूख्य शहरी क्षेत्रबाहेक पोखराका अधिकांश क्षेत्र कृषि प्रयोजनको लागि अत्यन्तै उपयोगी हो। भू-बनोट, जलवायु र सिचाई सुविधाका कारण यहाँको उत्पादकत्व पनि उच्च रहँदै आएको हो।

**चित्र १: महानगरको भू-उपयोग परिवर्तनको प्रवृत्ती**




**Changes in Land Use Patterns of Pokhara Metropilitan City from 1990 to 2018: Figure (a)-1990, (b)-2000, (c)-2018.**
Source: Rai, Raju; Yili, Zhang; Paudel, Basanta; Khanal, Narendra & Acharya, Bipin (2020), *Satellite Image-Based Monitoring of Urban Land Use Change and Assessing the Driving Factors in Pokhara and Bharatpur Metropolitan Cities,| Gandaki Basin, Nepal*
Journal of Resources and Ecology (V-11)

पछिल्ला ३ दशकमा भएको तिव्र शहरीकरणले यहाँको खेतियोग्य भूमि करिब २५ प्रतिशतले घटेर कंक्रिटका संरचनाहरुमा रूपान्तरण भइरहको चित्र १ मा प्रस्तुत अध्ययनले देखाएको छ। यो प्रवृत्ती अझै नरोकिएकोले हरित, उत्थानशील र समावेशी विकासका लागि एक गम्भीर चुनौतीका रूपमा देखापरेको छ। २०७८ को तथ्यांक अनुसार पोखरा महानगरको विद्यमान भू-उपयोगको अवस्था तलको तालिकामा प्रस्तुत छ।

**पोखरा महानगरपालिकाको वडागत भू-उपयोगको अवस्था**

| वडा नं. | भू-उपयोगको हिस्सा क्षेत्रफल हेक्टरमा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कृषि क्षेत्र | व्यवसायिक क्षेत्र | जल क्षेत्र | वन क्षेत्र | आवास क्षेत्र | सार्वजनिक उपयोग र अन्य क्षेत्र | जम्मा |
| १ | ३.५१ | ५.६८ | ४.७८ | ४१.७७ | ५६.७८ | ४१.८० | १५४.३१ |
| २ | ६.३२ | २३.४५ | ०.२३ | ०.३० | २२.७६ | ६.९९ | ६०.०४ |
| ३ | ०.०० | ९.५७ | २.९१ | २.५७ | ३४.८३ | १३.५२ | ६३.४० |
| ४ | ०.०० | १६.६२ | ०.०५ | ०.१३ | २९.२८ | ४.८९ | ५०.९७ |
| ५ | १०.६७ | ३४.७६ | ०.१३ | २.९७ | १११.२३ | १८.४० | १७८.१५ |
| ६ | २३.८२ | ५४.९३ | ४१०.२१ | २४.७५ | ७५.१४ | ४३.६९ | ६३२.५४ |
| ७ | ०.२२ | ३५.२३ | ८.६४ | ३.५८ | ८०.७६ | ६८.८६ | १९७.२९ |
| ८ | ०.०० | १०४.६६ | ०.१५ | ०.०० | ५०.४९ | २०.९२ | १७६.२२ |
| ९ | २.३८ | ५६.४४ | १.८६ | ०.०० | ३६.९५ | २४.६४ | १२२.२७ |
| १० | ८.३१ | २६.३० | १.६१ | ०.०० | ११३.१५ | ४६.१६ | १९५.५३ |
| ११ | ३५४.१७ | ९.४६ | १५.४८ | १२८.२१ | १२०.६९ | ६८.७९ | ६९६.८० |
| १२ | २.७१ | ५.५४ | ०.२१ | ३.९१ | १०३.०४ | २४.५१ | १३९.९१ |
| १३ | ६४६.०५ | ४.४४ | ४२.४७ | ६८५.६६ | १११.७५ | ४७.२९ | १५३७.६६ |
| १४ | ५९१.३३ | १३.५८ | ४५.७४ | ३.४२ | २८३.०२ | ३९९.२८ | १३३६.३६ |
| १५ | १४०.२८ | ३६.९८ | १८.१५ | ३४.३० | १७८.८७ | १०३.२४ | ५११.८२ |
| १६ | १११३.२६ | ४८.६१ | ४८.०४ | १९६५.७५ | २२३.४३ | ६९.२४ | ३४६८.३३ |
| १७ | २५०.६८ | २२.६८ | ५६.३६ | १०९.०८ | २६५.३१ | ८४.८० | ७८८.९१ |
| १८ | ७६६.५८ | १०.४० | ७०.८८ | ७५९.४१ | ११७.६२ | ५१.७१ | १७७६.६० |
| १९ | ९४६.८२ | १.५८ | ३६.१४ | १२९६.३९ | १३३.३६ | ३८.६७ | २४५२.९७ |
| २० | १०३१.२७ | ०.०३ | २१.२१ | ११२६.७९ | २४.११ | ९०.६६ | २२९४.१ |
| २१ | १५४९.९ | १४.५१ | ६७.७१ | १७७०.१५ | ९७.२५ | ९०.७९ | ३५९०.२९ |
| २२ | १२६७.७९ | १.१० | ४२.६९ | १७७०.१३ | ८२.९९ | ४५.९४ | ३२१०.६४ |
| २३ | १६५२.७६ | ०.११ | १९२.१४ | २८५२.५४ | ४०.८४ | ४१.२२ | ४७७९.६० |
| २४ | १२६८.६४ | ०.४७ | ७६.८१ | ४३२.५१ | ३९.७६ | ३१.८६ | १८५०.०५ |
| २५ | ८०८.५० | ९.४९ | ६०.७० | ११३६.५५ | १६६.५५ | ५६.५७ | २२३८.३६ |
| २६ | ६८९.४७ | ०.०० | ३०.५९ | ३४८.०३ | ३९.९६ | १०५.३५ | १२१३.४१ |
| २७ | ७३९.५७ | ०.०० | ३८.७९ | ३२८.४३ | २५.२६ | ९०.९७ | १२२३.०१ |
| २८ | ७४९.४६ | ०.२४ | ३.७९ | ९४९.१० | २५.३३ | २९.५६ | १७५७.४८ |
| २९ | २७७.०८ | ०.०० | १६.९९ | ३५.८१ | ३९.४४ | ५२.३९ | ४२१.७२ |
| ३० | ७०५.९९ | ०.०० | १६.४६ | १०६.२३ | ४३.६२ | ६७.८७ | ९४०.१७ |
| ३१ | १०३९.१७ | ०.०० | ३७१.५१ | ९६३.९२ | ८.७१ | ६२.७४ | २४४६.०५ |
| ३२ | ७७६.८४ | ०.०० | १४६.०९ | ३३३.६८ | २०.७१ | २२३.३२ | १५००.६३ |
| ३३ | १६३४.३२ | ३.२० | १३९.३९ | २४२१.७५ | ११७.३३ | १०१.९९ | ४४१७.९८ |
| **कुल** | **१९०५७.८** | **५५०.१८** | **१९८८.९१** | **१९६३७.८** | **२९२०.३** | **२२६८.५९** | **४६४२३.५** |
| **अनुपात** | **४१.०५%** | **१.२०%** | **४.२७%** | **४२.३०%** | **६.२९%** | **४.८९%** | **१००.०%** |

*स्रोत: पोखरा महानगरपालिका, जोखिम तथा समावेशि संवेदनशिल भू-उपयोग योजना २०७८ (मस्यौदा)*

माथिको तालिकाले २०७७ को विभिन्न समयमा भू-उपग्रहले संकलन गरेका तस्विरहरुको विश्लेषण गरि आंकलन गरिएको तथ्यांक प्रस्तुत गरेको छ। यसमा तस्विर लिंदाको समयमा देखिएको भू-उपयोगलाई

स्थापित मान्यताका आधारमा गणना गरिएको क्षेत्रफल देखाइएको छ, जुन वास्तविक भन्दा केही भिन्न हुन पनि सक्छ । तर, उक्त तालिकालाई आधार मान्दा पोखरा महानगरका मूख्य शहरी क्षेत्रका १० वटा वडाबाहेक बाँकी सबै वडामा कृषि तथा बनमा आधारित उद्यम व्यवसायको प्रशस्त सम्भावना रहेको देखिन्छ ।

यद्यपी नेपाल सरकारले जारी गरेको भू-उपयोग नियमावली २०७९ अनुसार महानगरले कुल भूमीलाई कृषि र गैरकृषि गरि दुई समूहमा वर्गिकरण गरेको छ । उक्त वर्गिकरण अनुसार कृषि क्षेत्रको अनुपात करिब २० प्रतिशतमा सिमित भएको छ । फिल्डमा बाली लगाइएको भए पनि प्रमुख खेतियोग्य र समथर फाँटहरुमा जग्गा प्लटीङ भई जमिन खण्डिकरण भइसकेकोले नियमावली अनुसार कृषियोग्यमा गणना गर्न नमिलेको महानगरको भनाई छ । तसर्थ कृषियोग्य जमिनको हिस्सा अझै उल्लेख्य मात्रामा घट्ने देखिएको छ। त्यसैगरी, ग्रामिण क्षेत्रमा पछिल्लो समय देखिएको बाँदर आतंक र बस्ती निर्जनिकरणले जमिन बाँझो राख्ने प्रवृत्ति बढेकाले खेती गरिएको जमिनको हिस्सा अझै खुम्चिँदै गएको छ । यो प्रवृत्ति कायमै रहे भविष्यमा पोखराको अधिकांश समथर भूमि सबै संरचना क्षेत्रमा रूपान्तरण हुने जोखिम छ ।

## २.२ जनसांख्यिक बनोट

पोखरा महानगरपालिका तिब्र गतिमा जनसंख्या वृद्धि भइरहेका शहरमध्ये एक हो । पहाडी क्षेत्र भए पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको आकर्षक गन्तब्य तथा प्रदेश राजधानी हुनुका साथै पहिलेदेखि नै शिक्षा, स्वास्थ्य र बजारको राम्रो पहुँच भएको कारण अन्य जिल्लाहरुबाट हुने बसाई सराई उच्च छ । फलस्वरुप, विगत एक दशकमा यहाँको जनसंख्या वार्षिक साढे २ प्रतिशतका दरले वृद्धि भई ४ लाख ३ हजारबाट ५ लाख १३ हजार ५ सय पुगेको छ। सोही अवधीमा घरधुरी संख्या वार्षिक ३ प्रतिशतको दरमा बढेर १ लाख ५ हजारबाट १ लाख ४० हजार पुगेको छ । पोखरामा अस्थायी रूपमा बसोबास गर्ने जनसंख्या पनि स्थायीकै हाराहारी रहेको अनुमान छ। त्यसरी हेर्दा पोखराको कुल जनसंख्या (अस्थायीसमेत गरी) करिब १० लाख रहेको अनुमान छ । वडागत घरधुरी र जनसंख्याको विवरण देहायको तालिकामा प्रस्तुत छ ।

**तालिका २: विगत एक दशकको वडागत घरधुरी र जनसँख्या वृद्धिदर**

| वडा नं. | जनगणना २०६८ | | जनगणना २०७८ | | फरक (% १० वर्षमा) | | फरक (% वार्षिक औसत) | |
|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | ४५४१ | १५५१३ | ४२७४ | १३९४७ | -५.८८ | -१०.०९ | -०.६० | -१.०६ |
| २ | २४६४ | ८७२९ | ३०७५ | १०१०० | २४.८० | १५.७१ | २.२४ | १.४७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २७५० | ९४६२ | २३६५ | ८२८४ | -१४.०० | -१२.४५ | -१.५० | -१.३२ |
| ४ | २४९१ | ९११९ | २५९७ | ९१५२ | ४.२६ | ०.३६ | ०.४२ | ०.०४ |
| ५ | ३९७३ | १४८०३ | ६२३२ | २२३२५ | ५६.८६ | ५०.८१ | ४.६० | ४.१९ |
| ६ | ३८६९ | १४७२९ | ३९८४ | १४४५५ | २.९७ | -१.८६ | ०.२९ | -०.१९ |
| ७ | ३४५१ | १२८७५ | ४६७२ | १६१३९ | ३५.३८ | २५.३५ | ०.०३ | ०.०२ |
| ८ | ७१३८ | २६०८० | ७३८० | २५४३९ | ३.३९ | -२.४६ | ०.३३ | -०.२५ |
| ९ | ४२९५ | १६६२६ | ४३७६ | १५९८१ | १.८९ | -३.८८ | ०.१९ | -०.३९ |
| १० | ४९१२ | १८४७० | ५१२८ | १८४३५ | ४.४० | -०.१९ | ०.४३ | -०.०२ |
| ११ | ४०२३ | १४७१६ | ४८०८ | १७५९४ | १९.५१ | १९.५६ | १.८० | १.८० |
| १२ | ३०१४ | ११६१३ | ३४९३ | १२७१० | १५.८९ | ९.४५ | १.४९ | ०.९१ |
| १३ | ४१४९ | १७०७७ | ५७५८ | २२३९९ | ३८.७८ | ३१.१६ | ०.०३ | ०.०३ |
| १४ | ३३०५ | १३२२५ | ८४२८ | ३१५६१ | १५५.०१ | १३८.६५ | ९.८१ | ९.०९ |
| १५ | ४३२८ | १७०२७ | ६५३६ | २४४०६ | ५१.०२ | ४३.३४ | ४.२१ | ३.६७ |
| १६ | ५४६२ | २०२७८ | ६६५४ | २४४६५ | २१.८२ | २०.६५ | १.९९ | १.८९ |
| १७ | ६९४४ | २६७५२ | १२६५८ | ४६००५ | ८२.२९ | ७१.९७ | ६.१९ | ५.५७ |
| १८ | २०८० | ८३५४ | ३३१८ | १२९४५ | ५९.५२ | ५४.९६ | ४.७८ | ४.४८ |
| १९ | २६१० | १०६२४ | ३६३९ | १३८५५ | ३९.४३ | ३०.४१ | ३.३८ | २.६९ |
| २० | १०२७ | ४०२२ | १०५९ | ३९३६ | ३.१२ | -२.१४ | ०.३१ | -०.२२ |
| २१ | २४३२ | ९०९० | २४९४ | ९०७० | २.५५ | -०.२२ | ०.२५ | -०.०२ |
| २२ | १८३७ | ७३९१ | २०८८ | ७५९६ | १३.६६ | २.७७ | १.२९ | ०.२७ |
| २३ | १३०० | ४९१७ | १२०० | ४२७६ | -७.६९ | -१३.०४ | -०.८० | -१.३९ |
| २४ | १५०८ | ५८९२ | १६१८ | ५९५० | ७.२९ | ०.९८ | ०.७१ | ०.१० |
| २५ | ३०१९ | १२२६२ | ४५९२ | १७५९७ | ५२.१० | ४३.५१ | ४.२८ | ३.६८ |
| २६ | २९०३ | ११३९४ | ४५७५ | १६७७७ | ५७.६० | ४७.२४ | ४.६५ | ३.९५ |
| २७ | २३५८ | ९५८३ | ४३६९ | १६३७७ | ८५.२८ | ७०.९० | ६.३६ | ५.५१ |
| २८ | १३०३ | ४७२७ | १२०० | ४२२४ | -७.९० | -१०.६४ | -०.८२ | -१.१२ |
| २९ | २२६१ | ८९६१ | ४२८७ | १६२५७ | ८९.६१ | ८१.४२ | ६.६१ | ६.१४ |
| ३० | २७८६ | १०८२३ | ४३०७ | १६१९२ | ५४.५९ | ४९.६१ | ४.४५ | ४.११ |
| ३१ | १९०८ | ७३७८ | २२७३ | ८७०२ | १९.१३ | १७.९५ | १.७७ | १.६६ |
| ३२ | २७२१ | १०६७७ | ३८७२ | १४६८३ | ४२.३० | ३७.५२ | ३.५९ | ३.२४ |
| ३३ | २४६८ | ९८०६ | ३१५० | ११६७० | २७.६३ | १९.०१ | २.४७ | १.७६ |
| **कुल** | **१०५६३०** | **४०२९९५** | **१४०४५९** | **५१३५०४** | **३२.९७** | **२७.४२** | **२.८९** | **२.४५** |


*स्रोत: राष्ट्रिय तथ्यांक कार्यालय*

पोखरामा वार्षिक रूपमा करिब ६ लाख आन्तरिक र ५ लाख बाह्य गरी ११ लाख पर्यटक आवतजावत गर्छन । तसर्थ पोखरा महानगरले वार्षिक २० लाख मानिसका लागि सार्वजनिक वस्तु तथा सेवा प्रवाहको प्रबन्ध गर्नुपर्ने अवस्था छ । यो भनेको यहाँ उपभोग हुने वस्तु तथा सेवाको बजार हो ।

यसबाट दैनिक उपभोग्य कृषि उपजदेखि लिएर औद्योगिक उत्पादन, यातयात, आतिथ्य तथा अन्य सेवाको माग प्रशस्त रहेको स्पष्ट हुन्छ ।

उमेर समूहका आधारमा पोखरा महानगरपालिका अहिले जनसंख्यिक लाभको अवस्थामा रहेको छ, जुन समावेशी आर्थिक वृद्धि र दिगो विकास हासिलका दृष्टिले अत्यन्तै अनुकूल हो । २०६८ को जनगणनाअनुसार आर्थिक रुपमा सक्रिय मानिने १५ वर्षदेखि ६९ वर्ष समूहको जनसंख्याको अनुपात ६८ प्रतिशत रहेकोमा २०७८ मा सो समूहको जनसंख्या ७३.३ प्रतिशत पुगेको छ । त्यसैगरी, जनसांख्यिक लाभांशका रूपमा चिनिने र उत्पादनशील १५ देखि ४९ वर्ष समूहका युवा जनसंख्याको अनुपात २०६८ मा ५७ प्रतिशत रहेकोमा २७८ मा ५९ प्रतिशत पुगेको छ ।

**चित्र २: उमेर समूहगत महानगरको जनसंख्याको वितरण**




स्रोत : राष्ट्रिय जनगणना २०७८

लोकप्रिय बन्दै गएको सूचना प्रविधिमा आधारित युवा उद्यमशिलता वा नवउद्यम (स्टार्टअप) व्यवसायहरुको सम्भावना उच्च रहेको देखिन्छ

## २.३ उद्योग व्यवसाय

पछिल्लो पटक लेखनाथ नगरपालिका र अन्य गाँउ विकास समितिहरु समेत समावेश भएकाले स्रोत साधन, कच्चा पदार्थ र बजारका हिसाबले पोखरा महानगरपालिका व्यवसायिक रुपमा पनि विविधतायुक्त बनेको छ । साबिकको पोखरा उपमहानगरपालिकाका अधिकांश क्षेत्रमा आधुनिक शहरी विशेषता छन् । पछि समावेश भएका केही क्षेत्र र लेखनाथ नगरपालिका क्षेत्रमा तिब्र शहरीकरण सहित विकासशील शहरका विशेषता छन् । यसका अतिरिक्त साविकका केही गा.बि.स. क्षेत्रमा अझै पनि निर्वाहमुखी कृषि प्रणाली सहितको ग्रामिण अर्थतन्त्र विद्यमान छ । यसले परम्परागत व्यापार व्यवसाय, व्यवसायिक कृषि, उत्पादन तथा प्रशोधन उद्योगदेखि पर्यटन र सेवा उद्योगका साथै सूचना प्रविधिमा आधारित नवउद्यमहरुका लागि प्रशस्त अवसरको सिर्जना गरेको छ ।


**तालिका ३ : पोखरा महानगरपालिकामा सञ्चालित उद्योग–व्यवसाय र रोजगारी**

| औद्योगिक वर्गीकरण | व्यावसायिक एकाइ | | रोजगारी | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि पशुपालन तथा वन | ३१५ | १.१२ | १,५१५ | १.४५ |
| उत्पादन तथा प्रशोधन | २,६७९ | ९.४९ | ११,१४३ | १०.६७ |
| खनिज, ऊर्जा, पानी तथा निर्माण | १४२ | ०.५० | १,१३० | १.०८ |
| थोक तथा खुद्रा व्यापार | १५,२७९ | ५४.१५ | ३३,१४६ | ३१.७३ |
| यातायात भण्डारण र सूचना प्रविधि | १४८ | ०.५२ | १,६२० | १.५५ |
| पर्यटन तथा आतिथ्य सेवा उद्योग | ५,३०४ | १८.८० | १९,४८९ | १८.६६ |
| बैंक, वित्त तथा बिमा सेवा | ५४३ | १.९२ | ५,८९८ | ५.६५ |
| शिक्षा क्षेत्र | ८०० | २.८४ | १६,९५८ | १६.२३ |
| मानव स्वास्थ्य | ५१३ | १.८२ | ६,०३१ | ५.७७ |
| अन्य पेशागत व्यवसाय | २,४९२ | ८.८३ | ७,५३९ | ७.२२ |
| **जम्मा** | **२८,२१५** | **१००.००** | **१०४,४६९** | **१००.००** |

स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५

राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्यांकअनुसार पोखरा महानगरपालिकामा कूल २८,२१५ वटा व्यावसायिक एकाइ (उद्यम व्यवसाय)हरू रहेको देखिन्छ । उक्त गणनामा समावेश बाहेक अनौपचारिक रूपमा पनि विभिन्न पेशा-व्यवसाय सञ्चालन भइरहेको अनुमान छ । गणनामा समावेश व्यावसायिक एकाइहरूमा कूल १,०४,४६९ जनाले रोजगारी प्राप्त गरेको तथ्यांक छ ।

**चित्र ३: पोखराको स्थानीय अर्थतन्त्रको संरचना**




स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, तालिका ३

माथिको तथ्यांकलाई केलाउँदा थोक तथा खुद्रा व्यापारको क्षेत्रमा सबैभन्दा बढी व्यवसायहरु सञ्चालनमा रहेको देखिन्छ भने दोस्रोमा पर्यटन तथा आतिथ्य सेवाका व्यवसायहरु छन् । उत्पादन तथा प्रशोधन क्षेत्रको व्यवसायको योगदान तेस्रो स्थानमा रहेको छ । संख्याको अनुपातमा थोक तथा खुद्रा व्यापारको योगदान रोजगारीमा भने कम देखिन्छ। तर, पर्यटन तथा आतिथ्य र उत्पादन तथा प्रशोधनको हकमा भने रोजगारीको अनुपात पनि लगभग समान छ। यसले के देखाउँछ भने रोजगारी सिर्जनाका माध्यमबाट स्थानीय अर्थतन्त्रमा सुधारका लागि पर्यटन र उत्पादनमुलक उद्योग व्यवसायहरुलाई प्रवर्द्धनको खाँचो रहेको छ।

# परिच्छेद ३

# समग्र महानगरको व्यवसायिक सम्भाव्यता

## ३.१ पृष्ठभूमी

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोहण दलका नेता मौरिस हर्जोग र उनको समूहले ८०९१ मिटर अग्लो अन्नपुर्ण हिमालको सफल आरोहणपश्चात् गण्डकी धौलागिरी क्षेत्रका हिमशिखर आरोहण गर्ने र तिनै शिखरहरुको आधार इलाकासम्म पदयात्रा गर्ने साहसिक गतिविधिसँगै पोखरा पर्यटनको आकर्षक गन्तव्यका रूपमा परिचित छ। वि.सं. २०१६ (सन १९६०) सालमा नगरपालिका भएको पोखरा त्यसपछि भने पर्यटकीय आकर्षणका साथै साविक पश्चिमाञ्चल क्षेत्रको आर्थिक तथा प्रशासनिक केन्द्रको रुपमा रहँदै आएको छ। यहाँको भूगोल र प्राकृतिक सुन्दरता, जैविक विविधता, जलस्रोत, जमिन, वनजंगल र जनशक्तिसमेतका आधारमा पोखरा हरित, उत्थानशील र समावेशी आर्थिक विकासका लागि प्रचुर सम्भावना भएको महानगर हो।

तसर्थ, पोखरा महानगरपालिकामा परम्परागत घरेलु तथा साना उद्योग, व्यापार-व्यवसायका साथै आधुनिकतासँगै मौलाएको उपभोगवाद र पर्यटनसँग सम्बन्धित सेवा-व्यवसायको व्यापक विस्तारको सम्भावना छ। साथै शिक्षा, स्वास्थ्य, सूचना प्रविधि र सहायक सेवा, पेशा तथा विषेशज्ञ सेवाको माग पनि पछिल्लो समय ह्वात्तै बढ्दा यहाँको अर्थतन्त्रलाई थप गतिशील र व्यवसायिक रुपमा आकर्षक बन्दै गएको छ। अर्को तर्फ, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको जगमा छिमेकी जिल्लाहरूबाट बढ्दो दरमा भइरहेको बसाइसराइ र मध्यमवर्गीय जनसंख्याको बढोत्तरीले दिगो व्यवसायका लागि पोखरामा ठूलो अवसर सिर्जना गरिरहेको छ।

उपर्युक्त पृष्ठभूमिमा परिच्छेद २ मा प्रस्तुत पोखरा महानगरको वस्तुस्थिति र आर्थिक गतिविधिका तथ्यांकको वस्तुपरक विश्लेषण गरेर महानगरमा उच्च संभावना भएका व्यवसायिक क्षेत्रहरू पहिचान गर्ने प्रयास गरिएको छ। त्यस क्रममा स्थानीय अर्थतन्त्रमा औद्योगिक वर्गीकरणअनुसारका विभिन्न क्षेत्रले अहिले पुऱ्याइरहेको योगदान र भविष्यमा विस्तार तथा वृद्धि हुन सक्ने सम्भावनालाई संभाव्यताको मुख्य आधार मानिएको छ। साथै, विशिष्ट स्थानीय परिवेश, महानगरको बृहत्तर लक्ष्य प्राप्तिमा उच्याउन सक्ने योगदान र व्यवसायिक संभाव्यताका लागि आवश्यक निरपेक्ष लाभ, तुलनात्मक लाभलाई पनि मध्येनजर गरिएको छ।

उपरोक्त मापदण्डका अतिरिक्त भविष्यमा तीव्र विस्तार र प्रतिस्पर्धी लाभ हासिल गर्न सक्ने विशेष क्षमतालाई समेत अनुमान गरेर निजी लगानीको दृष्टिकोणबाट देहायका क्षेत्रहरुमा प्रचुर व्यवसायिक सम्भावना रहेको पाइएको छ ।

५. पर्यटन तथा आतिथ्य सेवा क्षेत्र,

६. कृषि, पशुपालन र वन क्षेत्र,

७. उद्योग तथा व्यापार क्षेत्र, र

८. सूचना प्रविधि र नवप्रवर्तनमा आधारित नवउद्यम (स्टार्टअप)हरु ।

उपरोक्त क्षेत्रहरूको व्यवसायिक सम्भाव्यतालाई सहयोग गर्ने सबल पक्ष र अवसरहरूको विस्तृत विश्लेषण तल प्रस्तुत गरिएको छ ।

## ३.२ पर्यटन तथा आतिथ्य सेवा क्षेत्र

अद्‌भूत भौगोलिक अवस्थिति र अनुपम प्राकृतिक सुन्दरताले पोखरा क्षेत्रमा पर्यटन तथा आतिथ्य सेवासँग सम्वन्धित व्यवसायको उच्च सम्भावना रहेको छ । सुरुवाती चरणमा फाट्टफुट्ट विदेशीहरूको रोजाइमा पर्ने गरेको पोखरा सन् १९६० को दशकदेखि भने विदेशी पर्यटकहरुको प्रमुख गन्तव्य नै बन्न पुगेको छ । पर्यटकको आवागमन, पदयात्राका साथै अन्य साहशिक र मनोरञ्जनात्मक गतिविधिदेखि उनीहरुलाई खाना, आवासलगायतका सेवासुविधा उपलब्ध गराउने व्यवस्थित आतिथ्य सेवाका लागि स्तरीय होटल तथा रेस्टुरेण्टदेखि सामान्य गेस्टहाउसहरू, ट्राभल्स एवम् ट्रेकिङ एजेन्सी र यातयात तथा अन्य सेवा समेतका व्यवसाय बिना पर्यटन मूल्य श्रृङखलाले पूर्णता पाउँदैन । उक्त श्रृङखलाको विभिन्न तहमा रहेर सञ्चालन हुने उद्यम व्यवसायहरुका लागि पोखरामा भन्दा ठुलो अवसर र सम्भावना अन्त कहि हुनै सक्दैन ।

नयाँ शासकीय व्यवस्थामा गण्डकी प्रदेशको स्थायी राजधानीका रूपमा पोखरा सुरक्षा व्यवस्था, व्यवसाय दर्ता, कर प्रणाली तथा पूरक सेवाहरूसहितको एक प्रशासकीय केन्द्र बनेको छ। उच्च गुणस्तरका स्वास्थ्य तथा शैक्षिक सुविधाका साथै आन्तरिक तथा अन्तर्राष्ट्रिय ब्रान्डेड सामानको सहज उपलब्धताका साथै स्थानीय विशिष्ट आकर्षण पोखराको आन्तरिक पर्यटन विकासमा सहयोगीसिद्ध भएको छ । गण्डकी प्रदेश तथा संघीय सरकारले पनि यस क्षेत्रका प्राकृतिक सम्पदाको विकास तथा पर्यटनलाई समुन्नतिको प्रमुख संवाहकका रूपमा अघि बढाउने योजनाहरु अघि सारेका छन् । यस क्षेत्रको पूर्वाधार सुदृढीकरण

तथा नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमार्फत् पोखरालाई सीधै अन्तर्राष्ट्रिय सहरहरूसँगको आबद्धता, विस्तारको क्रममा रहेको मुग्लिन-पोखरा सडक लगायतका प्रयासले पोखराको पर्यटन क्षेत्रको वृद्धिमा उल्लेख्य योगदान पुऱ्याउने विश्वास बढेको छ । यसबाट निजी लगानीका वातावरणमैत्री होटल तथा सुविधा सम्पन्न रेस्टुरेण्टहरूका साथै आतिथ्यता क्षेत्रमा अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यास सहितका पेशा व्यवसायहरूको व्यापक सम्भावना बढेको छ ।

यसका अतिरिक्त नयाँ पदमार्ग तथा उद्यानहरू निर्माण गर्न र विद्यमान पदमार्गलाई सुधार गर्नका लागि लगानीयोग्य परियोजनाहरू तयारी अवस्थामा रहेका छन् । साथै, पोखरालाई बढीभन्दा बढी वातावरणमैत्री बनाउन हरित क्षेत्र तथा साइकल लेन, तालहरूको सफाइजस्ता योजना तर्जुमाको क्रममा रहेका छन् । यहाँको अद्वितीय जलवायु तथा सांस्कृतिक वैभवका कारण पर्यापर्यटनको बजारीकरणका प्रयासहरू विस्तार भइरहेका छन् । पोखरा महानगरले उपयुक्त स्थानमा खेलकुद, साहसिक यात्रा, प्राकृतिक तथा सांस्कृतिक सम्पदा आदिका विशेषतासहित ट्रिपएड्भाइजर र लोन्ली प्लानेटजस्ता भ्रमण सम्बन्धी इन्टरनेट साइटहरूबाट राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा प्रचार भइरहेको छ ।

यस्ता विविध कारणले पोखरामा आधुनिक पर्यटकीय सुविधा सहितका क्रियाकलापहरूमा लगानी र थप रोजगारी सृजना गरी युवा जनशक्तिको काम खोज्दै विदेशिने प्रवृत्तिमा न्यूनीकरण गर्ने प्रचुर सम्भावना अहिले व्याप्त छ। यसबाहेक, महानगरपालिकाको तर्फबाट महिला तथा सीमान्तिकृत समुदायलाई प्राथमिकताका साथ हिमाल आरोहण, भ्रमण, पदयात्रा र आतिथ्यता उद्योगमा रोजगारी उपलब्ध गराउन आवश्यक व्यावसायिक तथा प्राविधिक तालिम प्रदान गर्ने कार्यक्रमलाई विशेष जोड दिइएको छ ।

**पर्यटन क्षेत्रका सबल पक्ष र सम्भावनाहरू**

- प्रादेशिक राजधानी भएको हुँदा सुरक्षा व्यवस्था, व्यवसाय दर्ता, कर प्रणाली तथा पूरक व्यवसाय सम्बन्धी अधिकांश सुविधा उपलब्ध छन् ।
- पर्यटकीय आकर्षणका ताल, नदी, गल्छी र गुफा तथा सांस्कृतिक पर्यटकीय सम्पदाका रूपमा ३८७ मन्दिर, चर्च, गुम्बा, मस्जिद, धार्मिक स्थान तथा ऐतिहासिक धरोहर रहेका छन् ।
- हिमाल आरोहण, पदयात्रा, प्याराग्लाइडिङ, डुंगा सयरलगायतका साहसिक गतिविधि एवम् फुटबल, क्रिकेट, भलिबलजस्ता खेलकुदका लागि आवश्यक पूर्वाधार उपलब्ध छन् ।

- अन्तर्राष्ट्रिय विमानस्थलबाट बाह्य पर्यटकका लागि सहज आवगमन सेवा उपलब्ध छ भने पोखरा क्षेत्रमा २३ तारे स्तरका र ६५० पर्यटकीय स्तरका होटल, १०० भन्दा बढी पर्यटक स्तरीय रेस्टुरेण्ट र अन्य आतिथ्य सेवाका साथै स्तरीय आवास, मनोरञ्जन तथा खानाको सुविधा उपलब्ध छ ।
- उच्च शिक्षा प्रदान गर्ने विश्व विद्यालयका कार्यक्रमदेखि गुणस्तरीय विद्यालय शिक्षा तथा स्वास्थ्य सुविधा प्रदान गर्ने प्राविधिक शिक्षालय, अस्पताल र मेडिकल कलेज सञ्चालनमा छन् ।
- संघ, प्रदेश र महानगर तिनै तहका सरकारको प्राथमिकतामा पर्यटकीय सम्पदा विकास र प्रवर्द्धनका कार्यक्रमहरु परेका छन् ।

उल्लिखित अवसर र संभावनाका तथ्यहरूले पोखरामा पर्यटन र आतिथ्य सेवा व्यवसायको प्रवर्द्धनका लागि एउटा दरिलो अवसर उपलब्ध भएको संकेत गर्दछ । पूर्वाधार एवम् सुविधामा सुधार गर्न तथा बजारीकरणका प्रयासहरू विस्तार गर्न यस दिशामा पर्याप्त कदम चालिसकिएको छ । यद्यपि, यस क्षेत्रको सम्भावनालाई पूर्णरूपेण उपयोग गर्नका निम्ति केही चुनौतीहरू अवश्य छन् । यी चुनौतीहरूको दिगो समाधानका लागि विस्तृत उपयुक्त योजना बनाएर अघि बढ्नु आवश्यक छ ।

## ३.३ कृषि, पशुपालन र वन क्षेत्र

आधुनिक सहरीकरणतर्फ बढ्दै गएको महानगरका अधिकांश वडा कृषिजन्य उत्पादनका लागि उपयुक्त क्षेत्रका रूपमा रहेका छन् । धेरै हदसम्म जीविकोपार्जनमुखी रहेको कृषि, पशुपालन तथा वन क्षेत्रले क्रमशः व्यावसायिक चरित्र ग्रहण गरिरहेको देखिन्छ । सहरको मुख्य केन्द्रबाट टाढा रहेका वडाहरुमा कृषि तथा पशुपालन क्षेत्र जीविकोपार्जन तथा आयआर्जनको मुख्य स्रोतको रूपमा रहेको छ । निम्न तथा मध्यम आय भएको सिमान्तिकृत समुदायमा आधारभुत आवश्यकता र खाद्य सुरक्षा प्रत्याभूत गर्ने मुख्य क्षेत्र यही हो । तर, उच्च बजार माग, प्रविधिको उपयोग र मूल्य तथा आपूर्ती श्रृङखलाको सहजताका हिसाबले यस क्षेत्रको व्यवसायिकरण सहित उत्पादन, प्रशोधन र बजारिकरणमा व्यवसायिक सम्भावना बढेको छ ।

महानगरको कुल आन्तरिक उत्पादनमा यस क्षेत्रले करिब १२ प्रतिशत योगदान पुऱ्याइरहेको अवस्था छ । तर, प्रमुख कृषि (ताजा तरकारी)उत्पादनहरुको माग तथा आपूर्ती विश्लेषण सम्वन्धित अध्ययनले कुल बजार मागको आधा मात्र स्थानीय उत्पादनले धानेको देखाएको छ । अर्कोतर्फ, उपयुक्त जलवायु, उर्बर भूमि, व्यापक बजार, सडक तथा महत्वपूर्ण सिँचाइ पूर्वाधाहरू रहेको पोखरा क्षेत्रमा कृषि, पशुपालन तथा वन क्षेत्रका उद्यम व्यवसायको सम्भावना असिमित रहेको आंकलन गर्न सकिन्छ ।

पछिल्लो समय संघ तथा प्रदेश सरकारले पनि कृषिको व्यवसायिकरण र दिगो वैज्ञानिक वन व्यवस्थापनका माध्यमबाट यो क्षेत्रसँग सम्बन्धित उत्पादनहरुको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिएका छन् । यसै क्षेत्रलाई लक्ष्यित गरेर तिनै तहका सरकारको तर्फबाट विभिन्न पूँजीगत अनुदान, ब्याज अनुदान, सहुलियतपूर्ण कर्जालगायतका प्रवर्द्धनात्मक योजनाहरु सञ्चालनमा छन् । त्यसैगरी, नेपाल राष्ट्र बैंकले यस क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत राखेर आफ्नो मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाहरुलाई कुल कर्जाको निश्चित रकम यस क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरेको छ । पोखरा महानगरले पनि न्यूनतम समर्थन मूल्यको व्यवस्था गरेर सुचिकृत किसानले उत्पादन गरेका वस्तुहरु उक्त मूल्यभन्दा कममा विक्रि गर्नु परेको अवस्थामा तोकिएको न्यूनतम मूल्यभन्दा कम हुन आउने रकम ( नोक्सान) महानगरले ब्यहोर्ने नीति लिएको छ ।

कृषि, पशुपालन र वनजन्य व्यवसायको स्रोतहरूका हिसाबले महानगरका ग्रामीण भेगका र खासगरी साबिकको लेखनाथ नगरपालिका र अन्य गाविस समायोजन भई आएका वडाहरु बढी सम्पन्न छन् । यसले व्यावसायिक तथा सानो स्तरमै भएपनि कृषि, पशुपालन र वनजन्य उत्पादनका लागि मजबुत सापेक्षिक लाभ प्रदान गरेको छ । महानगरको आर्थिक विकास महाशाखा अन्तर्गतका कृषि तथा पशु सेवा शाखाहरु पोखरामा यस क्षेत्रको विकासमा अग्रणी भूमिकामा छन् । यसअन्तर्गत हाल विभिन्न पकेट क्षेत्रमा कृषि तथा पशु सेवा केन्द्रहरू रहेका छन् । ग्रामिण क्षेत्रमा हुने उत्पादनलाई बजारसँग सहजै जोड्न र किसानलाई अद्यावधिक सूचना उपलब्ध गराउन महानगरले अनलाईन कृषि बजार प्रणाली र शहरका विभिन्न स्थानमा किसान बजार सञ्चालनमा ल्याएको छ । त्यसैगरी, ग्रामिण क्षेत्रमा उत्पादित ताजा तरकारी तथा अन्य कृषि उपजलाई संकलन गरि किसान बजारसम्म ढुवानीका लागि कृषि एम्बुलेन्सको व्यवस्था समेत महानगरले गरेको छ ।

प्रदेश सरकारको कृषि तथा पशु सेवा सम्बन्धी क्रियाकलापहरू, अनुदान तथा अन्य पूर्वाधार सेवा सम्बन्धी प्रयोजनका लागि कृषि ज्ञान केन्द्रहरू रहेका छन् भने कृषि सहकारीहरूले कृषिमा आबद्ध भएकाहरूलाई समेटेको छ । बहुउद्देश्यीय कृषि सहकारी संस्थाहरूले सीमान्तकृत जनसंख्यालाई बजार प्रणालीमा आबद्ध गर्न तथा साना स्तरका लगानीका परियोजनामा वित्तीय पहुँचका लागि अवसर उपलब्ध गराउन सक्छन् । यसबाट किसान तथा उत्पादकहरूका लागि आफ्नो उत्पादनको उचित मूल्य पाउन र बजार पहुँच विस्तारमा सहज भएको छ ।

जसरी पोखरामा व्यावसायिक कृषि र कृषिजन्य वस्तुको प्रशोधन तथा बजारीकरणको प्रचुर सम्भावना छ, त्यसरी नै वनजन्य उद्योग तथा व्यवसायहरुको पनि व्यापक सम्भावना रहेको छ । महानगरपालिका क्षेत्रमा साढे तिन सयको हाराहारी सामुदायिक बनहरु छन् भने कुल भू-भागको ४२ प्रतिशत वन क्षेत्रले ओगटेको छ । तर, विभिन्न नीतिगत तथा कानुनी जटिलताका कारण उक्त वन स्रोतको उचित उपयोग हुनै पाएको छैन भने स्थानीय बजारमा आयातित उत्पादनको बाहुल्यता छ । नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत वन पैदावरको दिगो र वैज्ञानिक उपयोगका विषयमा नीतिगत सुधारको संकेत गरेको छ । यसले काष्ठ तथा गैरकाष्ठजन्य वन पैदावरसँग सम्वन्धित उद्यम व्यवसायको लागि थप सम्भावनाको ढोका खोलेको छ ।

देहायका बुँदाहरूले कृषि, पशुपालन तथा वन क्षेत्रका उद्यम व्यवसायका लागि पोखराका विद्यमान स्रोत, अवसर र सम्भावनाहरुको पुष्टी गर्न सहयोग गर्दछन् ।

- **रैथाने उत्पादन संरक्षण र संवर्द्धन**: पोखरा महानगरपालिकाले परम्परागत बालीहरूको संरक्षण तथा व्यावसायिक उत्पादनका लागि प्रोत्साहनमूलक कार्यक्रम सुरु गरिसकेको छ ।
- **अध्ययन-अनुसन्धान**: व्यावसायिक महत्त्वका गैरकाष्ठ वन पैदावारको क्षेत्रमा अनुसन्धान र विकासका लागि वन विज्ञान अध्ययन संस्थानले मुख्य भूमिका निर्वाह गरिरहेको छ र गण्डकी प्रदेश कृषि कलेज/अध्ययन संस्थान स्थापना गर्न लागिपरेको छ ।
- **बजार:** यहाँ रहेका कतिपय होटल तथा रेस्टुरेण्ट स्थानीय उत्पादन जस्तोः जेठो बूढो धान, कोदोको ढिँडो, तरकारी, फलफूलगायत अन्य केहीलाई व्यावसायिक पहिचान दिन लागिपरेका छन् ।
- **लगानी तथा कृषि पर्यटन:** निजी क्षेत्र विस्तारै सक्रिय रूपमा व्यावसायिक कृषि क्षेत्रमा आकर्षित भइरहेको छ र यस क्षेत्रलाई पर्यटनसँग जोड्दै छ । पर्यटन उद्योग विकास भइरहेको लेखनाथ तथा वरपरका साबिक गाविसहरूको साबिक पोखरा उपमहानगरपालिकासँगको समायोजनले कृषि क्षेत्रलाई पर्यटनसँग आबद्ध गर्न थप अवसरहरू उपलब्ध गराएको छ ।
- **मूल्य श्रृंखला :** साबिकका गाउँपालिका गाभिएर बनेका वडाहरूमा पहिले नै कृषि तथा पशु सेवा केन्द्रहरू रहेका छन् । पोखरा महानगरपालिकाले कृषि उत्पादनमा सहजीकरण गर्न यी

सेवा केन्द्रहरूलाई स्तरोन्नति गर्ने तथा अन्य वडामा प्राविधिक थप गर्ने योजना बनाएको छ । मूल्य श्रृंखला लाई सहजीकरण गर्न कृषि उपज संकलन केन्द्र तथा थोक र खुद्रा बजार केन्द्रहरू विकास भइरहेका छन् ।

- **समावेशीकरण**: पोखरा महानगरपालिकाका सबैभन्दा महत्त्वपूर्ण कार्यक्रमहरू– महिला उद्यमी संघ तथा युवा उद्यमी, ग्रामीण, गरिब तथा सीमान्तिकृत समुदायहरू लक्षित गर्दै उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरी व्यावसायिक कृषि प्रवर्द्धनमा जोड दिइएको छ ।

**कृषि, पशुपालन तथा वन क्षेत्रका सबल पक्ष र सम्भावनाहरू**

- व्यावसायिक कृषि र पशुपालन सम्बन्धी उद्यमशीलतामा युवाहरूको यथोचित आकर्षण बढेको छ भने उत्पादनमा आधुनिकीकरण र यान्त्रिकीकरण एवम् प्रविधिको प्रयोग बढ्दै गएको छ ।
- बेमौसमी तरकारी तथा फलफूलको उत्पादन तथा भण्डारण (चिस्यान केन्द्र) प्रविधिमैत्री बन्दै गएको, मूख्य शहरी क्षेत्रमा किसान बजार स्थापना भएका र कृषि एम्बुलेन्स सञ्चालनमा रहेको छ ।
- पोखरा महानगरको ४१ प्रतिशत भू-भाग कृषियोग्य रहेको र अधिकांश क्षेत्रमा राम्रो सिँचाइ सुविधा र बजार पहुँचका लागि सडक पक्की सञ्जाल रहेको छ ।
- प्रांगारिक तथा परम्परागत कृषि उत्पादनका लागि स्थापित बजार केन्द्रको उपलब्धता र आन्तरिक बजारमा मजबुत मागको अवस्था ।
- स्थानीय वासिन्दामा परम्परागत कृषि, पशु तथा वनजन्य उत्पादनको मूल्य श्रृंखला सवलीकरणमा चासो वृद्धि भएको छ ।
- कृषि तथा गैरकाष्ठ वनपैदावर उत्पादनहरूको प्रशोधन एवम् बजारीकरण लागि निजी-सार्वजनिक साझेदारीमार्फत् व्यवसाय सञ्चालन गर्न सकिने अवस्था छ ।
- विद्यमान कृषि बजार केन्द्रहरूको स्तरोन्नतिमा सहयोग तथा नयाँ थोक र खुद्रा बजार केन्द्रको विकास भएको अवस्था छ ।
- संघ, प्रदेश तथा महानगरबाट यो क्षेत्रको प्रवर्द्धनका लागि प्रशस्त सहुलियत र अनुदानका योजनाहरु सञ्चालनमा रहेको ।

- वित्तीय पहुँचका लागि सहुलियतपूर्ण कर्जा, बीमा र मलखाद तथा कृषि सामग्रीमा अनुदानको व्यवस्था रहेको छ ।

पोखरा महानगरपालिकामा विशाल उर्वर भूमि, सिँचाइ सुविधा तथा सम्पन्न जैविक विविधताले वन पैदावरको व्यावसायिकीकरणमा व्यापक सम्भावना रहेको छ । उच्च मूल्यका रैथाने बालीनाली, मसला तथा प्रांगारिक तरकारी, गैरकाष्ठ वनपैदावर र फलफूल उत्पादनका लागि उपयुक्त रहेको छ । स्थानीय उत्पादनहरू सहर वरपरको क्षेत्रको नजिक रहेकाले यहाँका होटल तथा रेस्टुरेण्टहरूमा ताजा वस्तु आपूर्ति गर्ने कुरालाई जोड दिन सकिन्छ ।

यद्यपि, यस क्षेत्रमा केही चुनौतीहरू विद्यमान छन् । खासगरी साना स्तरका उद्यमका हकमा अधिकांशका लागि वित्तीय स्रोतको पहुँचमा कमी तथा सीपको अभावलगायत न्यून उत्पादकत्व, भूमिको खण्डीकरण एवम् संकलन पद्धति, भण्डारण, कच्चा सामानको प्रशोधनको अपर्याप्तता र कमजोर मूल्य श्रृंखला जस्ता चुनौती रहेका छन् । यस क्षेत्रको सम्भावनालाई साकार पार्न धेरै कदम चाल्न बाँकी छ, तीमध्ये केही पहिल्यै सुरु गरिसकिएका छन् । तिनलाई नियमित रुपमा कार्ययोजना र बजेटको व्यवस्था गरेर थप सुदृढीकरण गर्न सकिन्छ ।

## ३.४ उद्योग तथा व्यापार क्षेत्र

पोखरामा खासगरी हलुका उत्पादन तथा प्रशोधन र निर्माणसँग सम्बन्धित उद्योगहरू रहेका छन् भने व्यापार क्षेत्रमा थोक तथा खुद्रा व्यापारले यहाँको अर्थतन्त्रलाई चलायमान बनाएको छ । रोजगारीका हिसाबले पनि यो सबैभन्दा ठूलो क्षेत्र हो । पछिल्ला दशकमा पोखराको औद्योगिक उत्पादनको आधार विविधतापूर्ण भएको छ । संघीय सरकारको मातहत करिब १०० हाराहारी उद्योगहरु सञ्चालनमा रहेको औद्यागिक क्षेत्र छ भने प्रदेश सरकारले महानगरपालिकासँगको समन्वयमा वडा नं. ३२ र ३३ मा ठूलो ( करिब १६७ हेक्टर) क्षेत्रफलमा औद्योगिक क्षेत्र निर्माण गर्ने योजना बनाएको छ। यसले पोखराको औद्योगिक विकास सरकारको प्राथमिकतामा रहेको देखाउँछ ।

यसबाहेक, हालैका समयमा स्वतन्त्र रूपमा केही विषयगत क्षेत्र सम्बन्धित व्यापारिक केन्द्रहरू वृद्धि भइरहेका छन् । पर्यटनलगायत अन्य धेरै क्षेत्रको विकास र तिब्र शहरिकरणले यस क्षेत्रको वृद्धिलाई थप अवसरको सिर्जना गरिदिएको छ । खासगरि पर्यटन र कृषि पोखराको विकासका प्रमुख आर्थिक संवाहक भएको अवस्थामा उद्योग तथा व्यापार क्षेत्रले कृषि र पर्यटनलाई आपसमा जोड्ने र अझ बढी गतिशील

बनाउने मध्यस्तकर्ताका रूपमा मूल्य श्रृंखला को कुशलता वृद्धि गरी व्यवसायिक सफलता हासिल गर्न मद्दत गरिरहेको छ ।

पर्यटन तथा आतिथ्य सेवा क्षेत्रको माग सम्बोधन गर्नमा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगका साथै कृषि प्रशोधन उद्योगहरुले उल्लेख्य योगदान गरिरहेका छन् । यद्यपी, अझै पनि आयातित वस्तु तथा सामग्रीहरुको हिस्सा पोखराको बजारमा उल्लेख्य रहेको छ । यस तथ्यलाई मध्यनजर गरि तिनै तहका सरकारहरुले औद्योगिक क्षेत्रको सुदृढीकरण गरि कृषि र पर्यटन बीचको पारस्परिक अन्तरआबद्धता सवलीकरण गरी हरित, दिगो, समावेशी र उत्थानशील आर्थिक विकास हासिलमा जोड दिएका छन् । उद्योग-व्यापार क्षेत्रले कृषिको प्रवर्द्धन (पश्च सम्बन्ध) र पर्यटन तथा आतिथ्य क्षेत्रलाई स्थानीय बजारबाट वस्तु तथा सामग्रीहरू प्राप्त गर्न सहजीकरण (अग्र सम्बन्ध) मजबुत बनाउन सहयोग गरिरहेको छ। यस अर्थमा जबसम्म पोखरामा पर्यटन र कृषिको अस्तित्व रहन्छ, तबसम्म उद्योग व्यापार क्षेत्रको सम्भावना व्यापक रहन्छ। पोखराको निजी क्षेत्र यस विषयमा पूर्ण सचेत र सोही अनुरुप व्यवसायिक योजनाहरु सुरु भइसकेका छन् ।

यस उद्योग व्यापार क्षेत्रको व्यवसायिक सम्भावना अहिले मात्र होइन भविष्यमा पनि थप सुदृढ हुँदै जाने निश्चित छ। बढ्दो शहरिकरण र आधुनिक जिवनशैलीका कारण सधै बढीरहने उपभोगबाद नै उद्योग तथा व्यापार क्षेत्रको वृद्धिको संवाहक हो । प्रदेश राजधानी, भौगोलिक परिदृश्य र पर्यटन उद्योगले पोखरालाई अन्तर्राष्ट्रिय व्यापारिक केन्द्रका रूपमा समेत विकसित हुने सम्भावना दिएको छ। पोखरा हुँदै उत्तर-दक्षिण तथा पूर्व पश्चिमसम्मको रणनीतिक सडक सञ्जाल तथा अन्तर्राष्ट्रिय विमानस्थलले यसलाई क्षेत्रीय अन्तर्राष्ट्रिय केन्द्र बनाउने दिशामा सहयोगी भूमिका खेलिरहेका छन् ।

उपरोक्त सम्भाव्यताहरुको राम्रो उपयोग गर्न सके पोखरामा उद्योग तथा व्यापारका क्षेत्रमा थप लगानीको अवसर प्रचुर रहेको छ। सहि उद्यमको पहिचान तथा प्रवर्द्धनले व्यापारिक केन्द्रमा बढी रोजगारी सृजना र वृद्धिमा सहजीकरण सिर्जना गरेको छ। यसले ग्रामीण प्रभाव क्षेत्रहरूलाई राम्रोसँग समेट्न सक्छ तथा मूल्य/आपूर्ति श्रृंखला लाई मजबुत बनाई दरिलो ग्रामीण-सहरी सम्बन्धको सृजना गर्छ। यसै तथ्यलाई मनन् गरेर पोखराको उद्योग तथा व्यापारमा विभिन्न संस्थाहरू सक्रिय छन् । त्यस्ता संस्थाहरूमा उद्योग तथा व्यापारसँग सम्बन्धित विभिन्न उपक्षेत्रहरूबाट प्रतिनिधित्व भएको छ। यसले थप नविनतम, लागत प्रभावकारी र व्यवसायको स्तरवृद्धिमा समन्वय र सहकार्य सहित साझा चासोका विषयमा काम गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ ।

**उद्योग व्यापार क्षेत्रका सबल पक्ष र सम्भावनाहरू**

- गुणस्तरीय एवम् प्रतिस्पर्धी वस्तु तथा सामग्री उत्पादनका लागि कच्चा पदार्थ आपूर्ती तथा बजारिकरणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा सहज पहुँच भएको ।
- बैंक, बीमा तथा वित्तीय सेवाका साथै व्यवसाय सञ्चालनका लागि आवश्यक अन्य प्रशासनिक सेवाहरु उपलब्ध भएको ।
- सरकार नीजि क्षेत्रका साथै उद्योग तथा व्यवसाय क्षेत्रका सरोकारवाला र सम्बन्धित सरकारी निकायहरूसँगको जीवन्त सम्पर्क र सहकार्य रहेको अवस्था ।
- उपभोगमार्फत आर्थिक वृद्धिमा योगदान गर्ने गरी वैदेशिक रोजगारीबाट उच्च विप्रेषण प्रवाह तथा औद्योगिक वस्तुको बजार मागमा वृद्धि भई रहेको अवस्था ।
- सुव्यवस्थित सडक तथा हवाई यातायात सञ्जालसहितको आर्थिक केन्द्रका रूपमा स्थापित भएको (सडक मार्ग र हवाई मार्गबाट नेपालका प्रमुख सहरका साथै अन्तर्राष्ट्रिय बजारसँग जोडिएको) ।
- साबिकको लेखनाथ नगरपालिका तथा अन्य गाउँपालिका क्षेत्रमा विस्तारित बजार केन्द्रहरू र बढ्दो आर्थिक गतिविधि ।
- महानगरको वडा नं. ३३ मा ठूलो क्षेत्रफलको नयाँ औद्योगिक क्षेत्र स्थापनाको तयारी भएको ।
- महानगरका वडा कार्यालयहरूमा कर संकलन, सुझाव तथा व्यवसाय अनुमति दिन सक्ने अधिकारसहितको जनशक्तिमार्फत् सेवा प्रवाह भएको हुँदा व्यवसायमैत्री वातावरण बनेको ।

उद्योग तथा व्यापार क्षेत्रले स्वरोजगारी सिर्जनाका साथै महानगरमा हरित, उत्थानशील र समावेशी उद्यम व्यवसायहरुको विकास र विस्तारमा महत्वपूर्ण योगदान गर्न सक्ने सम्भावना रहेको छ । पोखराका उद्यमीहरूले जनशक्ति विकासका लागि रोजगार तालिम उपलब्ध गराएर तथा नयाँ प्रविधिहरू अवलम्बन गरेर उद्यमशीलताको भाव प्रदर्शित गरेका छन् । विशेष महत्वको कुराचाहिँ निर्माणाधीन नयाँ औद्योगिक क्षेत्र हो, जसले सम्भाव्य व्यवसायहरू सुरु गर्न तथा विस्तार गर्न अवसरहरू उपलब्ध गराउँछ । तर्जुमाको क्रममा रहेका र कार्यान्वयनमा रहेका कतिपय पूर्वाधार परियोजनाहरूले सुदृढ यातायात सञ्जालमार्फत् वस्तु तथा बजारसम्मको पहुँच सुधार गर्न सहयोग गर्दछ ।

पछिल्लो समय प्याकेटमा पाइने, तुलनात्मक रूपमा सस्ता र बढी चलायमान उपभोग्य सामग्रीहरूको बढ्दो माग भएको सन्दर्भमा साना तथा मझौला उद्यम-व्यवसायको क्षमता विस्तार गर्न र सरसफाइ

गर्नेजस्ता विभिन्न प्रकारका सहायक वस्तु तथा सेवाहरू उपलब्ध गराउन र असंख्य अदक्ष तथा अर्धदक्ष, गरिब एवम् सीमान्तीकृत समुदायलाई सशक्तिकरण गर्न यस क्षेत्रलाई प्रवर्द्धन गर्न सकिन्छ । पोखरा महानगरपालिकाले उद्योग व्यापार क्षेत्रको सम्भाव्यता थप वृद्धि गरि समावेशी र दिगो अर्थव्यवस्था हासिल गर्न यस क्षेत्रका चुनौतीको उचित व्यवस्थापनमा ध्यान दिनु आवश्यक छ ।

### ३.५ सूचना प्रविधि र नवप्रवर्तनमा आधारित नवउद्यम (स्टार्टअप)हरु

माथि उल्लिखित क्षेत्रहरूका अतिरिक्त सूचना तथा सञ्चार प्रविधि र स्टार्टअप क्षेत्र पोखराको लागि प्रतिस्पर्धी लाभको नयाँ क्षेत्रको रूपमा स्थापित भइसकेको छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित अर्थतन्त्र वैज्ञानिक ज्ञान एवम् नवप्रवर्त्तनमुखी हुन्छ । युवा जनशक्तिको प्राविधिक दक्षता उपयोग गरेर नवीनतम उद्यम-व्यवसायको बहुल्यतासहितको स्थानीय अर्थतन्त्र नै दिगो, समावेशी र उत्थानशील हुन सक्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित नवउद्यमहरूको वृद्धिले विभिन्न चरणमा अन्य क्षेत्रको क्षमता विकास र स्तरवृद्धिलाई पनि तीव्र गतिमा सकारात्मक दिशामा अगाडि बढाउने सामर्थ्य राख्दछ ।

पोखरा महानगरले आफ्नो दीर्घकालीन सोचको अवधारणापत्रमा नै सिर्जनशील, स्मार्ट र समुन्नत सहरका रूपमा विकास गर्ने उद्घोष गरिसकेकोले त्यस्तो सहरका लागि अत्यावश्यक मानिएको सूचना तथा सञ्चार प्रविधिमा आधारित नवउद्यमहरुको सम्भावना प्रचुर छ । पोखराको युवा जनशक्ति भाषा, सिर्जनशीलता र दक्षताको हिसाबले र ज्ञानमा आधारित नवउद्यमहरूको विकासका लागि प्रतिस्पर्धा गर्न सक्षम छ । त्यसलाई सकारात्मक रूपमा परिचालन र मार्गदर्शन प्रदान गर्नु स्थानीय सरकारको दायित्व हो । यसै तथ्यलाई आत्मसात गरेर पोखरा महानगरपालिकाले व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना गरेर सिर्जनशील र समावेशी नवउद्यमहरुको प्रवर्द्धनमा सहजिकरण र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेको छ ।

स्थानीय सरकारका अतिरिक्त संघ तथा प्रदेश सरकारहरुले पनि दीगो र समावेशी आर्थिक वृद्धिका लागि तर्जुमा गरेका रणनीतिक तथा योजनामा सूचना तथा सञ्चार प्रविधि र स्टार्टअपहरुलाई प्राथमिकतामा राखेका छन् । सोही सूचना तथा सञ्चार प्रविधिको क्षेत्रका लागि आवश्यक पूर्वाधारको समुचित विकास गरि उदीयमान र विकासशील क्षेत्रहरूलाई एकआपसमा जोडेर एकीकृत सेवा उपलब्ध गराउने सेवा प्रदायकका लागि पोखरा एउटा उपयुक्त स्थान हुन सक्छ । यसबाट सूचना प्रविधि र नवउद्यम नयाँ बजारका रूपमा सृजना मात्रै नभएर साना तथा मझौला उद्यमको सञ्चालन लागत कम गर्ने र

उत्पादकत्व अभिवृद्धि गर्ने माध्यमका रूपमा स्थापित हुन सक्छ । यस प्रकारका नवउद्यमहरूले विश्वभरि नै पर्यटन तथा सेवा क्षेत्रको दक्षता अभिवृद्धिमा महत्वपूर्ण योगदान गरेका छन् । नेपाली पर्यटन व्यवसायी पनि विस्तारै यसप्रति आकर्षित हुँदै गएका छन् ।

यस परिवेशमा नेपालको पर्यटकीय राजधानी पोखरा क्षेत्रमा आन्तरिक तथा बाह्य लगानीकर्ता खासगरी युवा उद्यमीहरूलाई सूचना प्रविधिमा आधारित नवउद्यमहरुबाट उच्चतम प्रतिफल हासिल गर्न सक्ने प्रशस्तै आधारहरू छन् । महानगरपालिकाले संघ तथा प्रदेश सरकारका साथै विकास साझेदार र निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा आवश्यक नीतिगत सुधार र व्यावसायिक वातावरणमा थप सहजीकरण गर्न सके सिर्जनशील युवा जनशक्ति आफैं अग्रसर भएर पोखरालाई सूचना तथा सञ्चार प्रविधिमा आधारित नवउद्यमहरुका लागि आकर्षक सहरका रूपमा रूपान्तरण गर्न सक्ने सम्भावना रहेको छ ।

**सूचना तथा सञ्चार प्रविधि र स्टार्टअप क्षेत्रका सबल पक्ष र सम्भावनाहरू**

- सूचना, प्रविधि सम्बन्धी पूर्वाधार सुधार गर्ने र पोखरालाई स्मार्ट सहर बनाउने सन्दर्भमा महानगरको स्पष्ट दीर्घकालीन सोच ।
- संघीय, प्रादेशिक र स्थानीय तहका सरकारहरूबाट पोखरा उपत्यकामा सूचना प्रविधि अध्ययन-अनुसन्धान र उद्यानजस्ता योजनाहरू समावेश हुनु ।
- सिर्जनशीलता आकर्षित गर्न सहयोगी हुने खालका जनशक्ति र राम्रो सामाजिक अवस्था (अंग्रेजी भाषको दख्खल, उच्च साक्षरता र मानव विकास सूचकांकसहित) भएको ।
- सूचना प्रविधि र युवालाई पर्यटन विकास एवम् अन्य क्षेत्रसँग जोड्न सक्ने राम्रो सम्भावनाका कारण केही नवीनतम कार्य सुरु भएको ।
- महानगरले युवाहरूलाई समावेशी र उत्थानशील आर्थिक तथा सामाजिक परिवर्तनका वाहक शक्तिका रूपमा आत्मसाथ गरेको अवस्था ।
- युवा उद्यमशीलता तथा सिर्जनशीलतालाई सहयोग गर्न प्रविधिसहितका प्रशिक्षण केन्द्र स्थापना सम्बन्धी सोच रहेको ।
- महानगरले विस्तारै आफ्ना सेवाहरू विद्युतीय (अनलाइन) माध्यमबाट प्रवाह गर्ने प्रतिवद्धता अनुरूप काम सुरु गरिसकेको अवस्था ।
- प्रदेश सरकारले पोखरामा सूचना प्रविधि पार्क निर्माणको योजना अघि सारेको ।

पछिल्लो समय सूचना तथा सञ्चार प्रविधि र युवा उद्यमशीलतालाई अन्य विभिन्न क्षेत्रमा व्याप्त सम्भावनाको उजागर गर्न आगामी कदमहरू चाल्ने विषयमा अन्तरसम्बन्धित वा सहयोगी क्षेत्रका रूपमा पनि लिने गरिएको छ। यसबाट सूचना तथा सञ्चार प्रविधि क्षेत्र अन्य उद्यम व्यवसायहरुको आधारभुत साधन (इनपुट)का रुपमा समेत उपयोग हुने तथ्यलाई आत्मसात गरे स्थानीय अर्थतन्त्र थप सशक्त बन्न सक्छ। नेपालको पन्ध्रौं आवधिक योजनाले परम्परागत अर्थतन्त्रलाई ज्ञानमा आधारित र आधुनिक बनाउन आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात गरेर सूचना तथा सञ्चार प्रविधि सम्बन्धी पूर्वाधार तथा परियोजनामा ठूलो लगानी गर्नुपर्ने औंल्याएको छ।

गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले पनि विज्ञान, प्रविधिलाई युवासँग जोड्ने अवसर देखेको छ र सूचना तथा सञ्चार प्रविधि सम्बन्धी पूर्वाधार एवम् सूचना प्रविधि पार्कमा लगानी गर्ने योजना अघि बढाएको छ। पोखरा महानगरपालिकाले संघ र प्रदेश सरकारका यी सहयोगी क्रियाकलापहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री युवा उद्यमशीलता विकास गरी स्थानीय अर्थतन्त्रको प्रतिस्पर्धी क्षमता बढाउँदै जानुपर्छ।


# परिच्छेद ४

# वडागत व्यवसायिक सम्भाव्यता

## ४.१ पृष्ठभूमी

वडागत व्यवसायिक सम्भाव्यताको लागि द्धित्तीय स्रोतबाट संकलित तथ्यांक र सम्वन्धित वडाका जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरुले व्यक्त गरेको धारणालाई प्रमुख आधार मानिएको छ। सर्वप्रथम, महानगर र निजी क्षेत्रबाट संकलित तथ्यांकका आधारमा भएका उद्योग व्यवसायलाई कृषि तथा वन, कृषि तथा पशुपालन, स्वास्थ्य तथा शिक्षा, सूचना प्रविधि र अन्य सेवा, उत्पादन तथा प्रशोधन (उत्पादनमुलक), निर्माण तथा खनिज (निर्माण), थोक तथा खुद्रा व्यापार र पर्यटन तथा आतिथ्य सेवा गरि ८ समुहमा विभाजन गरिएको छ । त्यसरी विभाजन गर्दा राष्ट्रिय औद्योगिक वर्गिकरणअनुसार समान प्रकृतीका क्षेत्रहरुलाई आपसमा गाभिएको छ ।

**चित्र ४: पोखरा महानगरमा दर्ता व्यवसायहरुको क्षेत्रगत वितरण (कुल संख्या ८६३४)**





स्रोतः पोखरा महानगरपालिका राजस्व शाखा

त्यसरी विभाजित समूहगत तथ्यांकलाई वडागत रुपमा प्रस्तुत गरि कुन वडामा कुन कुन समूहका व्यवसायहरुको अहिलेको अवस्था आंकलन गरियो । त्यसका साथै वडा अध्यक्ष, अन्य जनप्रतिनिधि र सरोकारवालाहरुको धारणाको आधारमा वडागत सम्भाव्यता पहिचानको प्रयास गरिएको छ। साथै, माथि उल्लेखित निरपेक्ष लाभ, तुलनात्मक लाभ र प्रतिस्पर्धी लाभलाई समेत ख्याल गरिएको छ ।

## ४.२ कृषि तथा वनजन्य व्यवसाय

तथ्यांकले साविक पोखरा उपमहानगरपालिकाका केही वडा बाहेक पछि गाभिएको लेखनाथ नगरपालिका र अन्य गा.वि.सबाट बनेका वडाहरुमा कृषि तथा वनजन्य व्यवसायहरुको वाहुल्यता रहेको देखाएको छ । यसबाट के प्रस्ट हुन्छ भने प्रशस्त हरियाली र खेतियोग्य जमिन भएका वडाहरु (वडा नं.१३, १६ र १९ देखि ३३)मा कृषि र वनजन्य उद्यम व्यवसायहरुको व्यापक सम्भावना रहेको छ। वडा नंवर १५ र १७ मा पनि यस्ता व्यवासयहरुको बाक्लो उपस्थिती देखिए पनि तीनिहरु उत्पादनभन्दा प्रशोधन र बजारिकरणसँग सम्वन्धित व्यवासय हुन सक्छन् । यद्यपी, प्रशस्त हरियाली र जमिन भए पनि वडा नं. २२ मा यस्ता व्यवसायहरु न्यून देखिएका छन् । उक्त वडामा दर्ता हुने समग्र उद्यम व्यवसायको संख्या न्यून रहेकोले यस क्षेत्रका व्यवसाय पनि कम भएका हुन सक्छन् ।

**चित्र ५: कृषि तथा वनजन्य व्यवसायको वडागत वितरण**





स्रोत : पोखरा महानगरपालिका राजस्व शाखा

## ४.३ कृषि तथा पशुपालन व्यवसाय

घना वस्ती भएका शहरी वडाहरु (६, ९, १० र १२)मा कृषि तथा पशुपालनसँग सम्वन्धित व्यवसायहरु शून्य रहेको तथ्यांकले देखाएको छ । त्यसैगरी, समथर भूभाग, बजार तथा आवास क्षेत्र, कम क्षेत्रफल र जनघनत्व बढी भएका वडाहरु (१ देखि ५, ७, ८ र २९) मा यस क्षेत्रका व्यवसायहरु अत्यन्तै न्यून रहेको देखिन्छ । ती बाहेकका वडाहरुमा स्वभाविक रुपमा कृषि तथा पशुपालन व्यवसायहरुको उपस्थिती रहेको भए पनि वडा नं. ३० र ३३ मा सबैभन्दा बढी त्यस्ता व्यवसाय रहेको देखिन्छ । तर, जमिन र अन्य स्रोत साधनका हिसावले कृषि तथा पशुपालनका लागि उपयुक्त मानिएका र सफल समेत भइरहेका केही वडाहरु (२०, २१, २२, २३, २४ र २५) मा त्यस्ता व्यवसायको संख्या तुलनात्मक रुपमा न्यून देखिनुले थप गहन अध्ययनको विषय उठान भएको छ । समग्रमा हेर्दा, खेतियोग्य ु्मथर जमिन, सिचाई सुविधा र हरियाली भएका वडाहरु (११, १३, १६ र १८ देखि ३३, २९ बाहेक)मा कृषि तथा पशुपालन व्यवसायलाई थप विस्तारित हुने प्रसस्त सम्भावना देखिएको छ । यद्यपी, अन्य वडाहरुमा पनि साना र प्रविधिमा आधारित कृषि उत्पादन र भण्डारण तथा प्रशोधन व्यवसायहरुको उत्तिकै सम्भावना रहेको देखिन्छ ।

**चित्र ६ : कृषि तथा पशुपालन व्यवसायहरुको वडागत वितरण**





स्रोत : पोखरा महानगरपालिका राजस्व शाखा

## ४.४ स्वास्थ्य तथा शिक्षा सम्वन्धी व्यवसाय

स्वास्थ्य तथा शिक्षासँग सम्वन्धित व्यवसायहरु पोखराको केन्द्र मानिने वडा नं. ८ र ९ सबैभन्दा बढी रहेको देखिन्छ । त्यसपछि, तिब्र गतिमा शहरीकरण भएको वडा नं. १७ मा यस्ता व्यवसायको उपस्थिती धेरै रहेको पाइयो । दुई वटा वडाहरु (१८ र २८)मा भने यस्ता व्यवसायको उपस्थिती शुन्य देखिएको छ । त्यसैगरी, वडा नं. १४, १९ देखि २३ र ३३ मा पनि त्यस्ता व्यवसायको संख्या न्यून देखिएको छ । अन्य वडाहरुमा स्वभाविक उपस्थिती रहेको यस्ता व्यवसायलाई थप विस्तारित हुने प्रसस्त सम्भावना देखिएको छ । खासगरी, तिब्र शहरिकरण भइरहेको लेखनाथ क्षेत्र, हेम्जा र अन्य बजार केन्द्रहरुमा यस्ता व्यवसायहरुको सम्भावना देखिन्छ । अहिले नै बाक्लो उपस्थिती भएका वडाहरुमा पनि नयाँ प्रविधि, गुणस्तरीय सेवा र नविनतम उप-क्षेत्रहरुमा थप लगानीको सम्भावना कायमै देखिएको छ । यसमा ख्याल गर्नुपर्ने महत्वपूर्ण विषय के छ भने स्वास्थ्य तथा शिक्षा क्षेत्रका व्यवसायले अस्पताल र विद्यालयलाई मात्रै जनाउँदैन । त्यसका थुप्रै उप-क्षेत्र तथा सहायक सेवाहरु हुन सक्छन् ।

**चित्र ७ : स्वास्थ्य तथा शिक्षा सम्वन्धित व्यवसायहरुको वडागत वितरण**





स्रोत : पोखरा महानगरपालिका राजस्व शाखा

## ४.५ सूचना प्रविधि तथा अन्य सेवा व्यवसाय

यस समूहमा सूचना तथा सञ्चार प्रविधि, बैंक तथा वित्तीय सेवा र अन्य विशेषज्ञ तथा परामर्श सेवाका व्यवसायहरु समेटिएका छन् । अहिलेको अवस्था हेर्दा यो समूहका व्यवसायहरु सबैभन्दा धेरै वडा नं. ९, १०, ७, १६ र २७ मा केन्द्रित रहेको देखिन्छ, जुन स्वाभाविक पनि हो किनभने ती वडाहरु उद्योग, व्यापार र बजार केन्द्रहरु हुन । कुल ११ वडाहरु (३, ६, ११, १४, १५, १७, १८, २२, २३, २९ र ३०) मा यो समूहका व्यवसायहरु शून्य देखिएका छन् । कुनै एक स्थानमा दर्ता भएर अन्य ठुलो क्षेत्रमा सेवा प्रवाह वा व्यावसाय गर्न सक्ने भएकोले यसलाई स्वभाविक नै मान्न सकिन्छ । यो समूहमा सबैभन्दा धेरै व्यवसायिक सम्भावना भएको क्षेत्र भनेको सूचना तथा सञ्चार प्रविधि उप-समूह हो, जसको बजार पोखरा वा नेपाल मात्र नभएर अन्य देशहरुमा समेत फैलन सक्छ । त्यसैगरी, अन्य विशेषज्ञ तथा परामर्श सेवा पनि सम्भावनाले भरिपूर्ण भएको क्षेत्र हो किनभने यसको व्यवसायिक परिधि पनि कुनै भौगोलिक सीमानाले बाँधिन सक्दैन । खासगरि पर्यटन तथा अन्य क्षेत्रको विस्तार र मानिसको जिवनस्तरमा सुधारसँगै यस्ता सेवाको व्यवसायिक सम्भावना बढ्दै जान्छ, जुन पोखरामा पनि लागु हुन्छ ।

**चित्र ८ : सूचना प्रविधि तथा अन्य सेवा व्यवसायहरुको वडागत वितरण**





स्रोत : पोखरा महानगरपालिका राजस्व शाखा

## ४.६ उत्पादन तथा प्रशोधन व्यवसाय

यस समूहका व्यवसायहरु पोखरा औद्योगिक क्षेत्र रहेको वडा नं. १० र त्यसको वरिपरीका वडाहरु (९, १२ र १४)मा बढी केन्द्रित रहेको देखिन्छ, जुन स्वाभाविक पनि हो किनभने ती वडाहरुमा औद्योगिक पूर्वाधार, यातायातको सहज पहुँच र बजार केन्द्रहरुको बढी सुविधा छ । कतिपय वडाहरु (२० देखि २३ र २९ देखि ३३) मा यो समूहका व्यवसायहरु शून्य देखिएका छन् । शहरी सौन्दर्यता, वातावरण संरक्षण र उद्योगहरुका लागि चाहिने पूर्वाधार र सुविधाहरुका हिसावले यस्ता व्यवसायहरु जतातते हुनु राम्रो मानिदैन र त्यसैका लागि औद्योगिक क्षेत्र, औद्योगिक कोरिडोर र विशेष आर्थिक क्षेत्रको अवधारणा आएको हो । अर्कोतर्फ पोखरा महानगरले बढी कार्बन उत्सर्जन गर्ने उद्योगहरुलाई निरुत्साहित गर्ने नीति पनि लिएको छ । यसै तथ्यलाई मध्यनजर गरेर वडा नं. ३३ मा प्रदेश सरकारसँगको समन्वयमा ठुलो औद्योगिक क्षेत्र पनर्माणको प्रकृया अघि बढेको छ । तसर्थ, उक्त वडाहरुमा ठुला उत्पादन तथा प्रशोधन उद्योगहरुको प्रचुर सम्भावना देखिएको छ । यद्यपी, वातावरणमैत्री, न्यून कार्बन उत्सर्जन हुने र साना प्रशोधन उद्योगहरुका लागि अन्य वडाहरुमा पनि सम्भावना रहेको छ ।

**चित्र ९ : उत्पादन तथा प्रशोधन उद्योगसम्वन्धी व्यवसायहरुको वडागत वितरण**





स्रोत : पोखरा महानगरपालिका राजस्व शाखा

## ४.७ निर्माण तथा खनिजजन्य व्यवसाय

पोखरामा तिब्र गरिमा शहरिकरण बढीरहेकोले निर्माण तथा खनिज प्रशोधन सम्वन्धी व्यवसायहरुको सम्भावना पनि सोहीअनुसार विस्तार भइरहेको छ। पछिल्ला वर्षहरुमा सबैभन्दा धेरै घरनक्सा पारित हुने गरेका वडाहरु (५, १४, १७ र २५)मा यो समूहका व्यवसायहरु केन्द्रित हुनुले पनि यसको पृष्टी गर्दछ। त्यस बाहेक स्वभाविक रुपमा महानगरको कार्यालय रहेको वडा नं. ८ वरिपरी यस्ता व्यवसायहरु बढी केन्द्रित रहेको देखिन्छ, जुन स्वाभाविक पनि हो किनभने यसले महानगरमार्फत गर्नुपर्ने नक्सा पारितलगायतका कार्यहरु गर्न सहज हुनेगर्छ। पोखराको हकमा खनिज प्रशोधन भनेको नदिजन्य उत्पादन (गिट्टी बालुवा) भएकोले त्यसत व्यवसायहरु नदिजन्य सामग्री निकाल्ने घाटहरुको पायक पर्ने वडामा केन्द्रित भएको देखिन्छ। यो समूहमा घर तथा भवन निर्माण तथा मर्मतमा प्रयोग हुने सामग्रीहरुसँग सम्वन्धित व्यवसायहरु समेत पर्ने भएकोले समग्रमा त्यस्ता व्यवसायको सम्भावना प्रचुर रहेको छ।

**चित्र १० : निर्माण तथा खनिजजन्य व्यवसायहरुको वडागत वितरण**





स्रोत : पोखरा महानगरपालिका राजस्व शाखा

## ४.८ थोक तथा खुद्रा व्यापार

थोक तथा खुद्रा व्यापारका दृष्टिले पोखरा पहिलेदेखिकै केन्द्र हो । पछिल्लो समय प्रदेश राजधानी बनेको कारण नियमित प्रशासनिक गतिविधिहरुमा बढोत्तरी भएको छ भने पर्यटकीय चहलपहल त छदै छ। अझ महत्वपूर्ण विषय त के छ भने तिब्र शहरीकरणका कारण बढ्दो जनघनत्व, उपभोगबादका कारण बदलिदो जिवनशैली, विप्रेषणलगायतका कारण सुधारिएको नागरिकको आर्थिक हैसियत र ठुलो संख्याको अस्थायी तथा फिरन्ते जनसंख्याले यहाँ थोक तथा खुद्रा व्यापारको सम्भावना कहिल्लै पनि कम हुने देखिदैन। पछिल्लो समय लोकप्रीय बन्दै गएको सुपर मार्केट, ट्रेड मल र मार्टजस्ता अवधारणाले यो समूहको व्यवसायमा विस्तारै रुपान्तरण पनि ल्याउदै छ। यस्तो अवस्थामा नयाँ अवधारणा र सेवा सुविधा सहितका थोक तथा खुद्रा व्यापारका क्षेत्रमा प्रशस्त सम्भावना रहेको देखिन्छ।

**चित्र ११ : थोक तथा खुद्रा व्यापारजन्य व्यवसायहरुको वडागत वितरण**





स्रोत : पोखरा महानगरपालिका राजस्व शाखा

## ४.९ पर्यटन तथा आतिथ्य सेवा व्यवसाय

पर्यटन तथा आतिथ्य सेवाका दृष्टिले समग्र पोखराको आफ्नै पहिचान त छदैछ। त्यसमा पनि वडा नं. ६ मा पर्ने बैदाम लेकसाइड त यसको पर्याय नै बनिसकेको छ। पछिल्लो समय त्यस बाहेक अन्य क्षेत्र (क्लस्टर)हरु पनि पर्यटन व्यवसायका लागि आकर्षणका केन्द्र बन्दै गएको देखिन्छ, जसलाई तलको चित्रमा प्रस्तुत तथ्यांकले समेत पुष्टी गरेको छ। त्यसबाट वडा नं. १८, २७ र ३१ मा पर्यटन तथा आतिथ्य सेवा व्यवसायका लागि नयाँ सम्भावनाको ढोका खोलेको देखाएको छ। नयाँ पर्यटकीय गन्तब्य थपिनुको अर्थ पर्यटनको मूल्य श्रृङखलामा गाँसिएका सबै स्थान ( वडा) र अन्य व्यवसायिक क्षेत्रहरु, खासगरि आतिथ्य तथा मनोरञ्जनात्मक सेवाका लागि प्रचुर सम्भावना हो। तसर्थ पर्यटन तथा आतिथ्य सेवा व्यवसायका लागि पोखराका सबै वडाहरु सदावहार सम्भावनाका स्रोत हुन।

**चित्र १२ : पर्यटन तथा आतिथ्य सेवाजन्य व्यवसायहरुको वडागत वितरण**





स्रोत : पोखरा महानगरपालिका राजस्व शाखा

## ४.१० समग्र महानगरको अवस्था

यहाँ वडागत रुपमा समग्र पोखरा महानगरको अवस्था चित्रण गर्ने प्रयास गरिएको छ । उपलब्ध तथ्यांकको विश्लेषण गर्दा महानगरका पुराना बजार क्षेत्र बाहेक पछि गाभिएका अन्य क्षेत्रहरुमा विस्तारै आर्थिक केन्द्र (क्लस्टर)हरु विकास भइरहेको देखिन्छ । साविक पोखरा उपमहानगरपालिकाका प्रमुख बजार क्षेत्र बाहेक वडा नं. १६ र १९ (बाटुले चौर र लामा चौर क्षेत्र), वडा नं. १७ (बिरौटा र छोरेपाटन क्षेत्र), वडा नं. २५ (हेम्जा क्षेत्र), वडा नं. २६ र २७ (लेखनाथ क्षेत्र), वडा नं. ३१ (बेगनास क्षेत्र) र वडा नं. ३३ (बागमारा क्षेत्र)हरु विस्तारै आर्थिक तथा व्यवसायिक केन्द्रका रुपमा उदय भएका छन् । यसबाट ती क्षेत्रसँग जोडिएका अन्य वडा र क्षेत्रहरुमा पनि व्यवसायिक अवसरहरुको ढोका खोलेको छ । योसँगै नविन सोच र नवप्रवर्तनमा आधारित सूचना तथा सञ्चार प्रविधिलगायतका नवउद्यमहरुमा लगानी तथा व्यवसाय विस्तारको प्रचुर सम्भावना देखिएको छ । त्यसका लागि यो वा त्यो वडा मात्र उपयुक्त नभएर सबै वडाहरुमा सम्भावना रहेको देखिन्छ किनभने सबै वडाहरुका आफ्नै विशेषता र तुलनात्मक लाभका क्षेत्रहरु छन् भने मूल्य तथा आपूर्ती श्रृङखलाका सवल आधार (सडक सञ्जाल) सबै वडामा पुगेका छन् ।

**चित्र १३ : पोखरा महानगरमा दर्ता भएका समग्र व्यवसायहरुको वडागत वितरण**




स्रोत : पोखरा महानगरपालिका राजस्व शाखा

# परिच्छेद ५
# नतिजा सारांश

## ५.१ नतिजा सारांश

प्रकाशित सामग्रीहरुको अध्ययन समिक्षा, द्वित्तीय स्रोतबाट संकलित तथ्यांकहरुको विश्लेषण र प्रमुख सूचनादाता तथा सरोकारवालाहरुको धारणाका साथै सल्लाह सुझावको संश्लेषणबाट प्राप्त नतिजाको सारांशलाई वडागत रुपमा प्रस्तुत गरिएको छ। त्यस क्रममा वडागत रुपमा संकलित सूचना र सामग्रीहरुलाई विद्यमान तथ्यांकको सहायाताले वस्तुपरक ढंगबाट विश्लेषण र सश्लेषण गर्ने प्रयास गरिएको छ । सँगसँगै वडाहरुमा रहेको व्यवसायिक सम्भाव्यता र अवसरहरुको समुचित उपयोगमा देखिएका समस्या र चुनौतीलाई पहिचान गर्ने प्रयास गरिएको छ।

### वाड नं. १

**सम्भावना र अवसरहरु**

- ❖ वातावरणमैत्री साना तथा घरेलु उद्योग, थोक तथा खुद्रा व्यापार, शिक्षा तथा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यबसायको सम्भाबना।
- ❖ खेलकुदको लागि प्रसस्त खालि जमिन र उपयुक्त पूर्वाधार भएकाले यस ठाँऊलाइ खेलकुदसँग सम्बन्धित कृयाकलापबाट व्यबसायिक रुपमा बिकास गर्न सकिने।
- ❖ गाईघाट र बिन्ध्यबासिनीलाई जोडेर धार्मिक-पर्यटकिय क्षेत्रको रुपमा बिकास गर्न सकिने।
- ❖ खासै खेति योग्य जमिन नभएको र खाली जमिन प्रशस्त भएको कारण यस क्षेत्रमा निर्माण तथा आवासीय सेवाका व्यवसाय गर्न सकिने।

**समस्या तथा चुनौतीहरु**

- ❖ धार्मिक पर्यटकीयगतिविधिको लागि पुराना घर तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र फहोरमैला ब्यवस्थापन।
- ❖ व्यवस्थित शहरिकरणको लागि आवासीय गुरुयोजना निर्माण तथा कार्यान्वयन र अव्यवस्थित पुर्वाधार निर्माणको नियमन र नियन्त्रण।

## वडा नं. २

### सम्भावना र अवसरहरु

- बाक्लो आवादी र जनघनत्वका कारण थोक तथा खुद्रा व्यापारको सदावहार सम्भावना ।
- पुरानो बजार, बिन्ध्यवासिनी, भैरब मन्दिर, गणेश मन्दिर, भिमसेन मन्दिर आदी सम्पदाका कारण धार्मिक-पर्यटकीय गतिविधीहरुको व्यबसायिक बिस्तारको सम्भावना ।
- लामो समयदेख सुनचाँदीका गहना बजारका रुपमा प्रख्यात भएकाले सोसँग सम्वन्धित व्यवसायको प्रशस्त सम्भावना ।

### समस्या तथा चुनौतीहरु

- सुनचाँदी व्यवसाय तथा व्यवसायीहरुको सुरक्षा र परम्परागत शिप कौशलको संरक्षण ।
- सुनचाँदीको काम गर्ने स्वदेशी कालिगढहरुको अभाव विदेशीमा निर्भर ।
- पुराना पुरातात्विक घर, भवन र सम्पदा (मन्दिर)हरु उचित संरक्षणको अभावमा जिर्ण बन्दै ।
- बिन्ध्यवासिनी बाट ताल बाराही जोड्ने व्यवस्थित पदमार्गको अभाव ।

## वडा नं. ३

### सम्भावना र अवसरहरु

- घनावस्ती र कृषि भूमी नभएकोले थोक तथा खुद्रा व्यापार, आवासीय सेवा र शिक्षा क्षेत्रसँग सम्वन्धित व्यवसायको प्रचुर सम्भावना ।
- लघु, घरेलु तथा साना उद्योग (धातुकला, काष्ठकला र हस्तकला)हरुको केन्द्र भएकोले त्यस्ता व्यवसायलाई थप विस्तार र स्तरवृद्धिको सम्भावना ।
- धार्मिक तथा सम्पदा पर्यटनसँग सम्वन्धित व्यवसायको सम्भावना रहेको ।

### समस्या तथा चुनैतीहरु

- परम्परागत लघु तथा घरेलु उद्योग र पेशाप्रति युवा पुस्ताको न्यून आकर्षण र दक्ष जनशक्ती ( कालिगढ)को अभाव ।
- परम्परागत शिप कौशल र कलाको संरक्षण र संवर्द्धनमा राज्यको तर्फबाट उचित सहयोगको अभाव ।
- पुरातात्विक संपदा, पुरानो बजार तथा हस्तकला केन्द्रको अस्तित्व संकटमा ।

## वडा नं. ४

### सम्भावना र अवसरहरु

- ❖ थोक तथा खुद्रा व्यापार, बैक तथा वित्त तथा विशेषज्ञ सेवा सम्वन्धी व्यवसाय ।
- ❖ शिक्षा, स्वास्थ्य, सूचना तथा सञ्चार प्रविधि र अन्य सहायक सेवाजन्य व्यवसाय ।
- ❖ सम्पदा पर्यटन र आतिथ्य सत्कार सेवाजन्य व्यवसाय ।

### समस्या तथा चुनौतीहरु

- ❖ उचित संरक्षण र संवर्द्धनको अभावमा पुरातात्विक सम्पदाहरु मासिने अवस्थामा ।
- ❖ अनौपचारिक व्यबसायहरुको बाहुल्यता र करको दायरामा ल्याउन नसकिएको ।
- ❖ बाक्लो र अव्यवस्थित आवादीका कारण विपद्जन्य जोखिम उच्च रहेको ।

## वडा नं. ५

### सम्भावना र अवसरहरु

- ❖ बाक्लो बस्ती भएकोले लघु, घरेलु तथा साना उद्योगका साथै थोक तथा खुद्रा व्यापार, निर्माणजन्य व्यवसायको सम्भाव्यता रहेको ।
- ❖ उर्वर कृषियोग्य जमिन, कृषि सेवा केन्द्र र नजिकै बजार भएकोले व्यबसायिक तरकारी खेति र पशुपालनको राम्रो सम्भाब्यता रहेको ।
- ❖ यातयात, ढुवानी, भण्डारण तथा अटोमोबाईल मर्मतजस्ता सेवा व्यबसायहरुको पनि प्रशस्त सम्भाबना रहेको ।
- ❖ सन्तानेश्वर महादेव र ठुली पोखरी जस्ता सम्पदाको संरक्षण र संवर्द्धन गर्न सके पर्यटकीय सेवा व्यवसायको पनि सम्भावना रहेको ।

### समस्या तथा चुनौतीहरु

- ❖ जथाभाबी प्लटिङको कारण जमिन खण्डिकरण भई कृषियोग्य जमिन घट्दै गएको ।
- ❖ स्थानीयमा स्वरोजगारी र उद्यमशिलता भन्दा बिदेश जाने प्रवृत्ती बढी रहेको ।

## वडा नं. ६

### सम्भावना र अवसरहरु

- ❖ पर्यटकीय केन्द्र भएकोले आतिथ्य सत्कार तथा आवास सेवाका साथै थोक तथा खुद्रा व्यापार सम्वन्धी व्यवसायहरुको बढी सम्भावना रहेको ।

- ❖ यस क्षेत्रको मुख्य आकर्षण फेवाताल हेर्न, बिदा मनाउन र पदयात्रामा जाने आन्तिरिक तथा बाह्य पर्यटक लक्ष्यित स्तरीय होटल तथा रेष्टुरेन्ट, दोहोरि साँझ, डिस्को, ट्राभल्स एण्ड टुर्सलगायत सँग संबन्धित व्यवसायको प्रचुर सम्भाब्यता रहेको ।
- ❖ सूचना प्रविधि, मनी चेञ्जर, उपहार तथा हस्तकलाका सामाग्री सम्वन्धी व्यवसायको पनि सम्भावना रहेको ।
- ❖ साइकल तथा सवारी साधन भाडा, ट्याक्सी, ट्राभल गाइडलगायतका सहयोगी सेवा सम्वन्धीत व्यवसायहरु ।

**समस्या तथा चुनौतीहरु**

- ❖ फेवातालको अतिक्रमण, तालको फोहोर र सरसफाई आदी, लागु औषध दुर्वयसन नियन्त्रण र मापदण्ड विपरित भवन निर्माण ।
- ❖ ट्राफिक व्यवस्थापन, शान्ति सुरक्षा, रात्रिकालीन सेवा व्यवस्थापन आदि ।
- ❖ पर्यटन व्यवसायका लागि दक्ष जनशक्तीको कमी ।

**वडा नं. ७**

**सम्भावना र अवसरहरु**

- ❖ ब्यापारिक केन्द्र अनि अधिकांश सरकारी कार्यालयदेखि सुरक्षा निकायसम्मका कार्यालय रहेको यस वडामा ठुला उद्योग बाहेक सबै खालका व्यवसायको सम्भावना रहेको छ ।
- ❖ मुख्य गरि शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, विशेषज्ञ र परामर्श सेवा सम्वन्धी सेवा व्यवसायहरुको उच्च सम्भावना रहेको ।
- ❖ माछापुच्छ्रेलगायत सिंगो हिमश्रृंखला देखिने स्थान सहित फेवातालको नजिकै रहेकोले पर्यटन सँग सम्वन्धित व्यवसायहरुको पनि राम्रो सम्भाब्यता रहेको ।
- ❖ व्यवसायिक तरकारि खेति, पाशुपालन, कुखुरा फारम आदीका साथै विभिन्न सेवामुलक व्यवसायको राम्रो सम्भाब्यता रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ स्थानीयमा स्वरोजगारी र उद्यमशिलता भन्दा बिदेश जाने प्रवृत्ती बढी रहेको ।
- ❖ स्थानीय बजारमा सानो काम (जस्तै प्लम्बीङ) तथा आधारभुत सेवा (जस्तै सैलुन)का लागि पनि बिदेशीको भर पर्नु परेको ।

## वडा नं. ८

### सम्भावना र अवसरहरु

- ❖ पोखरा बजारको मुख्य भागमा पर्ने यस क्षेत्रमा अधिकाँस भू-भागमा घनाबस्ती रहेको हुँदा यो वडामा थोक तथा खुद्रा व्यापारको बाहुल्यता सहित सम्भाव्यता पनि उत्तिकै रहेको छ ।
- ❖ होटल रेष्टुरेण्ट, बिद्यालय, हस्पिटल, बैंक तथा वित्तीय संस्था, सूचना प्रविधिलगायत सबै खाले सेवा व्यवसायको सम्भाव्यता रहेको छ ।
- ❖ निर्माण क्षेत्रका साथै ट्राभल एण्ड टुर्ससँगै यातायात सेवा जस्ता व्यवसायका लागि पनि अवसर छन् ।

### समस्या तथा चुनौतीहरु

- ❖ शहरी सौन्दर्य, खुला सार्वजनिक स्थलको संरक्षण, ट्राफिक तथा फोहर मैलाको उचित व्यवस्थापन ।

## वडा नं. ९

### सम्भावना र अवसरहरु

- ❖ पोखरा बजारको मुख्य भागमा पर्ने यस क्षेत्रमा अधिकाँस भू-भागमा घनाबस्ती रहेको हुँदा यो वडामा थोक तथा खुद्रा व्यापारलगायत सबै खाले उद्यम व्यवसायको सम्भाव्यता रहेको छ ।
- ❖ होटल रेष्टुरेण्ट, बिद्यालय, हस्पिटल, बैंक तथा वित्तीय संस्था, सूचना प्रविधिलगायतका सेवा व्यवसायको सम्भाव्यता रहेको छ ।
- ❖ रामघाट र शान्ती वनलाई एकिकृत रुपमा विकास गरेर पर्यटकीय आकषर्णको रुपमा प्रवर्द्धन गर्न सके पर्यटनसँग सम्वन्धित व्यवसायहरु पनि फस्टाउन सक्ने सम्भावना छ ।

### समस्या तथा चुनौतीहरु

- ❖ सेति नदि खोच वरिपरि भासिने र भत्किने समस्या सहित विप्दको जोखिम रहेको ।
- ❖ मूख्य सडकहरुमा सडक बत्ती, चोकहरुमा ट्राफिक लाईट र आकाशे पुल नहुँदा सवारी जाम तथा दुर्घटनाको जोखिम ।
- ❖ बसपार्कलगायतका सार्वजनिक क्षेत्रमा अतिकर्मण बढ्दा सार्वजनिक सम्पत्तीको क्षयिकरण ।

## वडा नं. १०

### सम्भावना र अवसरहरु

- ❖ मुख्य राजमार्गसँग जोडीएको यस वडामा अटोमोबाइलसँग सम्मन्धित व्यबसायको राम्रो सम्भाव्यता रहेको ।
- ❖ बैंक तथा वित्तीय संस्थाका शाखाहरुका साथै भारतीय पेन्सन क्याम्प र सुरक्षाको आधारभुत सेवा सहित बाक्लो जनघनत्व भएकाले थोक तथा खुद्रा व्यापार र अन्य पुरक सेवा सम्वन्धी व्यवसायको राम्रो सम्भाव्यता रहेको ।
- ❖ बाटो, बिजुलि, संचारजस्ता आधरभुत पुर्बाधारको व्यबस्था भएकाले औद्योगिक क्षेत्र पनि यसै वडामा रहेकोले उत्पादन तथा प्रशोधनसँग सम्वन्धित व्यवसायको बढी सम्भाब्यता रहेको ।
- ❖ खासै कृषियोग्य जमिन नभएको र आवासीय क्षेत्र भएकोले घरायसी सेवाका व्यवसायको लागि पनि सम्भवना रहेको

### समस्या तथा चुनौतीहरु

- ❖ व्यवस्थित सहरिकरण, फोहोरमैलाको उचित व्यबसथापन र सर्वसुलभ खानेपानीको समस्या ।
- ❖ औधोगिक क्षेत्रबाट निस्कने फोहर पानी र प्रदुषणलाई न्यूनिकरण ।

## वडा नं. ११

### सम्भावना र अवसरहरु

- ❖ शहरी र ग्रामिण परिवेश सहितको समथर र भिरालो भूगोल भएको यस वडामा व्यवसायिक कृषि र पशुपालनदेखि साना उत्पादन तथा प्रशोधन उद्योग र पर्यटन व्यवसाय समेतको सम्भावयता रहेको छ ।
- ❖ समथर भागको कृषियोग्य भूमी शहरमा रुपान्तरण हुँदै गएकोले सेति नहरको पानिलाई उपयोग गरि व्यवसायिक माछापालन र कुखुरापालनको राम्रो सम्भावना रहेको छ ।
- ❖ काँहु धरहरा पर्यटकिय केन्द्र बन्दै गएको, कार्कि डाँडा धार्मिक-पर्यटनका रुपमा परिचित हुँदै गएको र होमस्टे समेत रहेकोले होटल रेष्टुरेन्ट तथा आतिथ्य सत्कार व्यवसायको पनि सम्भावना बढ्दै गएको छ ।

### समस्या तथा चुनौतीहरु

- ❖ भएको कृषियोग्य जमिन र हरियाली संरक्षणका साथै व्यवस्थीत शहरिकरण ।

- ❖ रामघाट क्षेत्रको अव्यवस्थित बसोबासले विपद् जोखिम बढाएको ।

## वडा नं. १२

### सम्भावना र अवसरहरु

- ❖ कृषीयोग्य जमिन नभएको र आधारभुत पुर्बाधार सहितको सानो वडा भएकोले आवासीय क्षेत्रमा उपयुक्त हुने सबै खाले व्यवसायहरुको सम्भावना रहेको ।
- ❖ थोक तथा खुद्रा व्यापर र साना उद्योगहरु सँग सम्वन्धित व्यवसायको सम्भाव्यता रहेको ।

### समस्या तथा चुनौतीहरु

- ❖ व्यबस्थीत र योजनावद्ध शहरीकरण, फोहोरमैलाको उचित व्यवस्थापन र सर्वसुलभ खानेपानी ।

## वडा नं. १३

### सम्भावना र अवसरहरु

- ❖ समथर तथा पहाडी भूगोल र ऐतिहाँसिक सम्पदाहरु समेत भएको यस वडामा कृषि तथा गैरकृषि दुबै प्रकारका व्यबसायहरु सम्भाव्य रहेको ।
- ❖ आधारभुत पुर्बाधारको बिकास भएको फराकीलो समथर भूभागमा शहरिकरण बढ्दै गएकोले निर्माणसँग सम्वन्धित र अन्य थोक तथा खुद्रा व्यवसायको बढी सम्भवना रहेको ।
- ❖ अनुकुल जलवायु भएका आर्वा, बिजयपुरजस्ता पहाडी क्षेत्रका साथै बजार, सिंचाई र सडक सुविधा भएकोले व्यवसायिक कृषि, पशुपालन, पोल्ट्री व्यबसायको राम्रो सम्भावना रहेको ।

### समस्या तथा चुनौतीहरु

- ❖ अव्यवस्थित शहरिकरणले काँहु खोला र कमलपोखरी क्षेत्रमा बाढी तथा डुवानको समस्या ।

## वडा नं. १४

### सम्भावना र अवसरहरु

- ❖ ठुलो क्षेत्रफल, फराकिलो समथर जमिन र बिचमा अन्तराष्ट्रिय बिमानस्थलका साथै राजमार्गको पहुँच भएकोले तिब्र शहरिकरणसँगै साना उद्योग र थोक तथा खुद्रा व्यापारको अपार सम्भावना रहेको ।
- ❖ प्रशस्त कृषियोग्य जमिन, सिँचाइको सुबिधा र नजिकै बजार भएकोले व्यवसायिक कृषि (तरकारी खेति र पोल्ट्रि)को राम्रो सम्भाब्यता रहेको ।

- ❖ नजिकै पशु प्रजनन केन्द्र र सरकारी फार्म रहेकोले दुध र मासुका लागि व्यवसायिक पशुपालन (गाई, भैसी र बंगुर)को पकेट क्षेत्रकै रुपमा विकसित हुने सम्भावना रहेको ।
- ❖ सेती नहरको पानिको उपयोग कम हुँदै गएकोले व्यवसायिक माछापालनको लागि पनि राम्रो सम्भाव्यता रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ उपयुक्त भू-उपयोग योजनाको अभावमा कृषियोग्य जमिन, हरियाली संरक्षण र व्यवस्थित शहरिकरण बिच सन्तुलन कायम गर्ने चुनौती ।
- ❖ भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुबाट सार्वजनिक जम्गा अतिकर्मण बढेको ।
- ❖ पक्की सडक सञ्जालको पहुँच न्यून रहेको ।

## वडा नं. १५

**सम्भावना र अवसरहरु**

- ❖ वडाको माथिल्लो भागमा बस्ती बाक्लिँदै गउ पनि तल्लो भागमा प्रशस्त खुल्ला क्षेत्र र कृषियोग्य जमिन भएको र सिँचाईको राम्रो सुविधा भएकोले व्यबसायिक कृषि (तरकारि खेति तथा पोल्ट्रि) व्यबसायको प्रचुर सम्भावना रहेको ।
- ❖ नहरको पानीलाई उपयोग गरि व्यवसायिक माछापालनको पनि सम्भाव्यता रहेको ।
- ❖ खालि जमिन, घाँस पराल र पानीको सहज उपलब्धताका साथै स्थानीय प्रजातीका गाई संरक्षणको लागि गौरक्ष फार्म समेत रहेकोले व्यवसायिक पशुपालन (गाई, भैंसी र बाखापालन)मा तुलनात्मक लाभ रहेको ।
- ❖ तल्लो भागमा निर्माण सामग्रीजन्य (ब्लक तथा टायल) उद्योगहरु र फर्निचर उद्योगहरु विस्तार हुँदै गएकोले यससँग सम्वन्धित व्यवसायका लागि नयाँ अवसरहरु सिर्जना भएको ।
- ❖ फुलबारि होटल, प्राकृतिक रुपमा (पौडी तथा पिकनिक स्थल, टुटुङ्गा भ्यू पोइन्ट, सेती खोँच, ढुङ्गेसाँगु प्राकृतिक पुल, वन क्याम्पस)जस्ता बहुआयामिक उपयोगका क्षेत्र रहेकोले पर्यटनसँग सवन्धित व्यवसायको पनि सम्भावना बढ्दै गएको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ बढ्दो सार्वजनिक क्षेत्र अतिक्रमण र अव्यवस्थित बसोबासहरु ।
- ❖ सेती खोँच र रातो पहिरो क्षेत्रको कमजोर भू-धरागतका कारण बढ्दो विपद जोखिम ।

## वडा नं. १६

### सम्भावना र अवसरहरु

- ❖ वडाको उत्तरी भागमा बिशाल जंगल, बिभिन्न प्रजातीका जडीबुटी, फलफुल र प्रशस्त पानिको स्रोत भएकाले उक्त क्षेत्रमा व्यवसायिक फलफुल खेती, माहुरीपालनका साथै जडीबुटी र वनपैदावरजन्य प्रशोधन उद्योगहरुको प्रशस्त संम्भावना रहेको ।
- ❖ हरियाली, जंगल, भिरालो चरन र डाले घाँस आदी प्रशस्त पाईने हुनाले दुध तथा मासुको लागि व्यवसायिक पशुपालन (भैसी र बाखा) सम्वन्धी व्यवसायको राम्रो सम्भाबना रहेको ।
- ❖ महेन्द्र गुफा, चमेरे गुफा, कुमारि गुफा, क्रेजी गुफा लगायतका चर्चित गुफाहरु हुँदै सिक्लेससम्म पुग्ने पदमार्ग र सोलु खर्क समेतका कारण पर्यटनसँग सम्वन्धित व्यवसायको अवसर रहेको ।
- ❖ भुगोलका हिसाबले ठुलो वडा भएकोले माथिल्लो भागमा होमस्टेहरु र तल्लो भागमा थोक तथा खुद्रा व्यापार, व्यवसायिक कृषि, पोल्ट्रीका साथै अन्य सेवा व्यवसायहरुको सम्भावना रहेको ।

### समस्या तथा चुनौतीहरु

- ❖ वडाको उत्तरी भेग अत्यन्तै सुन्दर र रमणीय हुँदाहुँदै पनि यातायात सञ्जालका हिसावले बिकट रहेको ।
- ❖ व्यवसायिक कृषि तथा फलफुल खेतिको लागि विभिन्न रोग किरा र बाँदरको प्रकोप रहेको ।
- ❖ अर्मला क्षेत्रमा कमजोर भू-धरातल जमिन भासिने समस्या रहेको ।

## वडा नं. १७

### सम्भावना र अवसरहरु

- ❖ तिब्र गतिमा शहरिकरण भएको वडा भएकोले प्रमुख व्यवसायिक आकर्षणका रुपमा थोक तथा खुद्रा व्यापार, निर्माणसँग सम्बन्धित सामग्री तथा सेवाहरु रहेको ।
- ❖ सिँचाई (पानी)को सुविधा, खेतियोग्य जमिन र बजार नजिक भएकोले व्यवसायिक कृषि, पशुपालन तथा पोल्ट्री व्यवसायको प्रचुर सम्भावना रहेको ।
- ❖ डेबिस फल, गुप्तेस्वर गुफा, ढुङ्गेसाँगु पुल, माउन्टेन म्युजियम, सिद्देश्वर हरिहर महादेव मन्दिर, ड्याम साइड, बञ्जी जम्प, फिस्टेल फनपार्कजस्ता पर्यटकीय आकर्षण र सहज सडक सुबिधाका

साथै ग्राण्ड र साङ्ग्रिला होटलजस्ता पर्यटकीय पूर्वाधार रहकोले पर्यटन तथा आतिथ्य सेवासँग सम्वन्धित व्यवसायको सम्भावना पनि उत्तीकै छ ।

**समस्या तथा चुनौतीहरु**

- फेवा ताल र फेवा नहरमा बढ्दो प्रदुषण र फोहोरमैला व्यबस्थापन ।
- उपयुक्त भू-उपयोग योजनाको अभावमा फैलिएको अव्यवस्थित शहरिकरणका कारण आपत्कालिन र अत्यावश्यक सेवा प्रवाहमा चुनौती ।

## वडा नं. १८

**सम्भावना र अवसरहरु**

- वडाको तल्लो भेग (फेवा किनार) र माथिल्लो भेग (सराङ्कोट) क्षेत्र पहिलेदेखि नै पर्यटकीय केन्द्रका रुपमा स्थापित भइसकेको अवस्थामा अन्य क्षेत्रमा पनि पर्यटकीय गतिविधिहरु विस्तार भइरहेकोले पर्यटन, आतिथ्य र मनोरञ्जन सेवासँग सम्वन्धित व्यवसायको प्रचुर सम्भावना रहेको ।
- कृषीयोग्य जमिन भएपनि भिरालो र सिँचाईको राम्रो सुविधा नभए पनि हरियाली जंगल, चरन र डाले घाँसको प्रयाप्तता रहेकोले व्यवसायिक पशुपालन (बाख्रापालन र भैसिपालन)को बढी सम्भाव्यता रहेको ।
- पर्याप्त सिँचाईको अभाव र भिरालो जमिन भएकोले अम्रिसो, कागति, अदुवा, बेसारलगायतको व्यवसायिक खेतीको सम्भावना बढी रहेको ।

**समस्या तथा चुनौतीहरु**

- भिरालो क्षेत्र भएकोले एकातिर बाढी पहिरोजन्य विप्दको जोखिम अर्कोतिर सिंचाई र खानेपानीको समस्या ।
- जङ्गली जनावर चितुवा, बादरलगायतको समस्याका साथै असिना र चट्यांगको जोखिम ।

## वडा नं. १९

**सम्भावना र अवसरहरु**

- वडाको माथिल्लो भेगमा ट्राउट माछापालनसँगै अलैचि र किवि खेतिको सुरुवात भैसकेकोले कृषि-पर्यटनको व्यवसायिक सम्भावना उच्च रहेको ।

- ❖ पुरनचौरलगायतका ग्रामिण इलाकामा प्रसस्त खुला स्थान, हरियाली जंगल, डालेघाँस र कृषियोग्य जमिन भएकोले व्यबसायिक रुपमा पशुपालन तथा अर्ग्यानिक तरकारी (च्याउ, आलु, पिडालु, कुरिलो आदि) र रैथाने बाली (जौ, फापर, कोदो आदि)को व्यवसायिक उत्पादनमा राम्रो सम्भावना रहेको ।
- ❖ तक्मेल क्षेत्र विस्तारै पर्यटकीय गन्तव्यका रुपमा विकसित हुँदै गएको र लामाचौर लगायतको तल्लो समथर भूभागमा शहरिकरण बढ्दै गएकोले थोक तथा खुद्रा व्यापार, आवासिय सेवा, हलुका प्रशोधन उद्योग र पर्यटकीय सेवासँग सम्वन्धित व्यवसायको लागि अवसर रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ पुरनचौर सम्म कालोपत्रे सडक भएपनि सार्वजनिक सवारी नचल्दा कृषि उपज ढुवानीमा समस्या ।
- ❖ रैथाने गहुँको उत्पादन राम्रो हुने भएपनि बजारको समस्याले व्यवसयिक खेती विस्तारमा जोखिम ।
- ❖ कृषि उपज बजारमा बिचौलियाहरु हाबी हुँदा किसानले उचित मुल्य पाउन नसक्नु ।
- ❖ अनुदानको मल बिउलगायत कृषि सामग्री र कृषि कर्जामा सहज पहुँच नपुगेको र बाँदरको प्रकोप ।

## वडा नं. २०

**सम्भावना र अवसरहरु**

- ❖ वडामा अधिकांश जमिन भिरालो, प्रशस्त डालेघाँस, चरनयोग्य जङ्गल र कृषि प्राविधिक विद्यालय भएकोले व्यवसायिक वाखापालन व्यापक सम्भावना रहेको ।
- ❖ चिसो हाबापानी हुनाले स्थानीय तथा उन्नत दुबै खाले पोल्ट्री व्यवसायको लागि निकै आकर्षक र प्रशस्त सम्भावना रहेको ।
- ❖ तल्लो समथर भूभाग (भलाम)मा कृषियोग्य भुमि र कृषि उपज संकलन केन्द्र भएकोले व्यवसायिक अर्ग्यानिक तरकारी खेति, पशुपालन (भैसी र बंगुरपालन)का साथै फलफुल खेती र मौरिपालनको लागि पनि राम्रो अवसर रहेको ।

- ❖ आँटीघरमा हाईअल्टीट्युड खेल मैदान निर्माणको चरणमा रहेको, झोकको लेकमा प्याराग्लाइडिङको सम्भावना रहेको र सिक्लेस हुँदै मनाङ्ग जाने पुरानो पदमार्ग रहेकोले पर्यटनजन्य व्यवसायको लागि पनि अवसर रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ बाला चतुर्दशीमा मेला लाग्ने हरिहर गुफा सन्यास आश्रमलगायतका धार्मिक तथा पर्यटकीय स्थलको उचित प्रवर्द्धन हुन नसक्नु ।
- ❖ वडाका अधिकांश स्थानहरु अझै पनि गुणस्तरीय सडक सञ्जालको पहुँचमा नहुनु ।
- ❖ कृषिमा जङ्गली जनावर र बाँदरको प्रकोप ।

## वडा नं. २१

**सम्भावना र अवसरहरु**

- ❖ वडा पहिलेदेखि नै सुन्तला खेतीको लागि प्रख्यात रहेको र भूगोल तथा हावापानी यो जातका फलफुलका लागि अत्यन्तै अनुकुल रहेकोले सुन्तला कागती प्रजातीका फलफुलको व्यवसायिक सम्भावना उच्च रहेको ।
- ❖ ठुलो भूगोल, प्रशस्त घाँसे जङ्गल, हरियाली एवम् पक्की सडक र बजारको सहज पहुँच भएकोले यस क्षेत्रमा व्यवसायिक पहुपालन (गाई, भैंसी, बाखापालन)को अझ बढी व्यबसयिक सम्भावना रहेको ।
- ❖ वडाको तल्लो भेगमा व्यवसायिक तरकारी खेती, पोल्ट्री तथा बंगुरपालन व्यवसाय फस्टाउँदै गइरहेकोले यसको विस्तार र स्तरवृद्धिको अवसर रहेको ।
- ❖ मट्टीखान जस्ता केही पर्यटकीय गन्तब्यहरु रहेको र हिम श्रृङ्खला सहित पोखरा उपत्यकाको दृष्यावलोकनका लागि आकर्षक चुचुरा र धुरी धुरी हिड्ने (रिज्ड लाइन) पदमार्ग रहेकोले पर्यटन यद्योगसँग सम्वन्धित व्यवसायहरु फैलिने अवसर रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ पछिल्लो समय सुन्तला खेतिमा बिभिन्न रोगको प्रकोप देखिने गरेको ।
- ❖ वास्तविक किसानलाई सरल र सुलभ कृषि ऋण तथा अनुदानको पहुँचमा समस्या ।

## वडा नं. २२

### सम्भावना र अवसरहरु

- ❖ प्रशस्त घमाइलो कृषियोग्य जामिन भएको र वडालाई सिद्धार्थ राजमार्गले बिचबाट छाएर जाने भएकोले व्यव्सायिक कृषि (मौसमी तथा बेमौसमी तरकारी) तथा फलफुल खेती र माहुरीपालनको प्रसस्त सम्भावना रहेको ।
- ❖ हरियाली जङ्गल, डालेघाँस, जैघाँस, पराल आदीको सहज उपलब्धता भएको र अनुकुल हावापानी रहेकोले उन्नत जातका गाई भैँसीपालन, बाखापालन र स्थानीय जातका कुखुरा, कालिजपालन आदि व्यवसायको लागि समेत प्रचुर अवसर रहेको ।
- ❖ सडक सञ्जालको पहुँच, विश्व शान्ती स्तुपा, बुद्ध पार्क, पुम्दीकोट महादेव मुर्ती, पञ्चासे पुग्ने रिज्डलाईन ट्रेकिङ रुट र स्थापित होटल तथा रिसोर्टहरुका साथै होमस्टेहरु समेत विस्तार हुँदै गएकोले यस वडामा पर्यापर्यटन र कृषि पर्यटनसँग सम्वन्धित व्यवसायहरुको लागि समेत अवसर रहेको ।
- ❖ वडामा व्यवसायिक चिया तथा कफि खेतिको पनि सम्भावना रहेको छ भने तल्लो भेगमा माछापालन, बंगुरपालन र कुखरापालन (पोल्ट्री) को प्रचुर सम्भावना छ ।

### समस्या तथा चुनौतीहरु

- ❖ व्यवसायिक बाखापालनको लागि नश्ल सुधार, किसानको क्षमता विकास, पशुसेवा केन्द्र ( भेटेनरी) र प्राबिधिकको अभाव ।
- ❖ वास्तविक किसानलाई सरल र सुलभ कृषि सामग्री, ऋण तथा अनुदानको पहुँचमा समस्या ।

## वडा नं. २३

### सम्भावना र अवसरहरु

- ❖ वडामा कृषियोग्य जमिन प्रसस्त भएको, उपयुक्त हावापानी भएकोले व्यवसायिक कृषि ( तरकारी, आलु, गाईभैँसी, बाखा, पोल्ट्री) आदिको लागि प्रशस्त सम्भावना रहेको ।
- ❖ वडाको तल्लो भेगमा सहज सिँचाई सुबिधा सहितको समथर फाँट रहेकोले पोखराको प्रसिद्ध जेठो बुढो धानको व्यवसायिक उत्पादनको राम्रो सम्भाब्यता रहेको र यो सँगै पशुपालन, खाध्यान्न तथा दुध प्रशोधनसँग सम्वन्धित व्यवसायका लागि राम्रो अवसर रहेको ।

- ❖ हर्पन खोलाको चिसो पानीलाई उपयोग गरि व्यवसायिक माछापालनमा पनि राम्रो सम्भाव्यता रहेको ।
- ❖ यही वडामा पर्ने पञ्चासे लेक महानगरकै सबैभन्दा अग्लो, जैविक विविधताले भरिपूर्ण, धार्मिक तथा पर्यटकीय स्थल भएको र सिद्धबाबा मन्दिरमा निर्माणाधिन १०८ फिट अग्लो हनुमानको मुर्तिका कारण यस वडामा धार्मिक-पर्यटन, पर्यापर्यटन र कृषि पर्यटनसँग सम्वन्धित व्यवसायको लागि प्रचुर सम्भावना रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ अर्ग्यानिक कृषि उपज उत्पादन हुने माथिल्लो भेगमा सहज यातायातको पहुँच र संकलन केन्द्रको अभावमा स्थानीय उत्पादनले पोखराको बजारबाट लाभ लिन नसकेको ।
- ❖ न्युन आय भएका सिमान्तिकृत किसान, भुमिहिन सुकुम्वासीका साथै दलित तथा आदिवासी समुदायमा बजार माग अनुरुपको व्यवसायिक शिप, दक्षता र उद्यमशिलताको कमी ।
- ❖ वडाको माथिल्लो भेगबाट बजारतिर बसाई सर्ने प्रवृत्ती नरोकिंदा भदौरे, तामाकि, चापाकोट, हर्पनलगायतका गाँऊमा जमिन बाँजो रहेको ।
- ❖ समथर भूभागमा हर्पन खोलाको कटान र कतिपय माथिल्ला वस्तीमा सहज खानेपानीको समस्या ।

**वडा नं. २४**

**सम्भावना र अवसरहरु**

- ❖ वडाको अधिकांश जमिन भिरालो र हरियाली भएकोले व्यवसायिक पशुपालन (बाखा, गाई, भैंसि)सँग सम्वन्धित व्यवसायको बढी सम्भाव्यता रहेको ।
- ❖ अनुकुल हावापानी (चिसो), प्रशस्त खुल्ला जमिन र सडक सञ्जालको राम्रो पहुँच भएकोले व्यवसायिक रुपमा स्थानीय प्रजातीका कुखुरा, कालीज पालनका साथै आधुनिक पोल्ट्रि व्यवसायको लागि पनि अवसर रहेको ।
- ❖ हालै शुरुआत भएको प्याराग्लाइडिङ (मान्द्रे ढुंगा), अन्नपुर्ण केबल कार, नजिकैको सराङ्कोट, होमस्टे, ट्रेकीङ रुट आदीका कारण पर्यटकीय गतिबिधिहरु विस्तारै कास्कीकोट तर्फ फैलिदै गएकोले पर्यटन उद्योगसँग सम्वन्धित व्यवसायको लागि राम्रो अवसर सिर्जना भएको ।

### समस्या तथा चुनौतीहरु

- व्यवसायिक तरकारी खेती र पशुपालनका लागि प्रशस्त पानीका स्रोतको अभाव ।
- खेतीबारीमा जङ्गली जनावरहरु चितुवा बाँदर लगायतको प्रकोप रहेको ।
- परम्परागत शिप कौशलको व्यवसायीकरण र उद्यमशीलता विकासका लागि सुलभ वित्तीय पहुँचमा समस्या ।

## वडा नं. २५

### सम्भावना र अवसरहरु

- प्रशस्त समथर र कृषियोग्य जमिन, यातायातको राम्रो सुबिधा, राम्रो सिँचाइ सुविधा भएकोले यो वडा पहिलेदेखि नै व्यवसायिक कृषि (तरकारी, आलु) खेतीका साथै पशुपालन (गाई भैंसीपालन) र पोल्ट्रि (कुखुरा, कालिजपालन आदि)मा प्रख्यात रहेको यस वडाको प्रमुख आकर्षण व्यवसायिक कृषि नै हो ।
- पछिल्लो समय तिब्र गतिमा शहरिकरण भइरहेको यो वडामा थोक तथा खुद्रा व्यापार र साना कृषि प्रशोधन उद्योगहरुको लागि पनि अवसर रहेको छ ।
- त्यसैगरी, पर्यटकीय गतिविधिहरुका पनि वृद्धि भइरहेकोले पर्यटन तथा आतिथ्य सेवाका व्यवसायहरुमा पनि अवसर प्रशस्त रहेको ।

### समस्या तथा चुनौतीहरु

- उपयुक्त भू-उपयोग योजनाको अभावमा खेतियोग्य जमिनको खण्डिकरण, सार्वजनिक सम्पत्तीको अतिक्रमणको समस्या ।
- चौरासी नहरको उचित संरक्षण र मर्मत सम्भार हुन नसक्नु ।

## वडा नं. २६

### सम्भावना र अवसरहरु

- पोखरा महानगरका प्रमुख तालहरुमध्ये खास्टे, गुँदे, र न्यूरेनी ताल यसै वडामा पर्ने र विभिन्न प्रजातीका लाली गुराँसका साथै चराचुरुङ्गीहरु रहेको हरियालीका कारण यस वडामा माछापालन सँगसँगै पर्यटकीय गतिविधिहरुमा विस्तार भएकोले सोसँग सम्वन्धित व्यबसायको राम्रो सम्भाव्यता रहेको ।

- ❖ खरानेको फाँटका रुपमा चर्चित प्रशस्त खेतियोग्य जमिन सहितको समथर भूभाग रहेकोले व्यवसायिक कृषि, तरकारी खेती, पशुपालन र खाद्य प्रशोधन व्यव्सायको लागि उच्च सम्भावना रहेको ।
- ❖ यस वडामा राजमार्ग र बजार क्षेत्रसँगै शहरिकरण वृद्धि भइरहेकोले थोक तथा खुद्रा व्यापार, निर्माण सामग्रीका साथै साना तथा मझौला उद्योगको सम्भावना समेत रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ मुख्य राजमार्गबाट यस वडामा रहेका तालहरु सम्म जानको लागि सहज सडक सञ्जाल नभएको र तालहरुको संरक्षण र पर्वद्धन हुन नसकेको ।
- ❖ व्यवसायिक तरकारि खेतिको पकेट क्षेत्र नै भए पनि कृषियोग्य जमिन माँसिदै गएको ।

## वडा नं. २७

**सम्भावना र अवसरहरु**

- ❖ प्रशस्त खेतियोग्य समथर जमिन, एक चैथाइ पहाडी भूभाग र हरियाली जङ्गल भएकोले यस वडामा व्यवसायिक पशुपालन (गाई, भैँसी, बङ्गुर), माछापालन, तरकारी खेति सँग सम्वन्धित व्यवसायको उच्च सम्भावना रहेको ।
- ❖ लेखनाथ क्षेत्रको पुरानो बजार केन्द्र सिशुवाका साथै राजमार्ग वरिपरी तिब्र शहरिकरण भइरहेकोले आवासिय क्षेत्र र निर्माणसँग सम्वन्धित व्यवसाय, थोक तथा खुद्रा व्यापारका साथै घरेलु तथा साना कृषि प्रशोधन तथा वनजन्य यद्योगको लागि समेत अवसर रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ कृषियोग्य जमिन र सिमसार क्षेत्रको क्षयिकरण (खण्डिकरण) र सहुलियतपूर्ण कृषि सामग्री, पशु सेवा केन्द्रको अभाव ।
- ❖ कृषि बीमा र कृषि कर्जा तथा अनुदानको सहज पहुँचमा झण्जटिलो प्रक्रिया र ढिलासुस्ती ।

## वडा नं. २८

**सम्भावना र अवसरहरु**

- ❖ बढी मात्रामा भिरालो जमिन, प्रशस्त हरियाली र कृषियोग्य भुमिका साथै पक्की सडक सञ्जाल पुगेकोले व्यवसायिक रुपमा अर्ग्यानिक तरकारी, रैथाने प्रजातीका बाली, स्थानीय कुखुरा तथा कालिज, फलफुल र माहरीपालनको राम्रो सम्भाव्यता रहेको ।

- ❖ चरनका लागि खुला स्थान र डाले घाँसको सहज उपलब्धताले व्यवसायिक बाख्रापालन र पोल्ट्री व्यवसायका लागि समेत प्रशस्त अवसर रहेको ।
- ❖ वडाको उच्च भागमा अवस्थित ठुलाकोट, वली डाँडा, चुत्राको डाँडो र चिन्तेको डाँडा हुँदै जाने रोयल ट्र्याक (बेलायती राजकुमार चार्ल्सले पदयात्रा गरेको मार्ग)को उचित प्रवर्द्धन गर्न सके पर्यटकीय सेवाका व्यवसायको पनि सम्भावना रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ अग्लो भूभाग र पानीको दीगो स्रोतको अभावले व्यवसायिक कृषि र पर्यटकीय गतिबिधि सञ्चालनमा समस्या ।
- ❖ शिक्षित र सक्षम युवाहरु सहज जिवनशैली र रोजगारीको खोजिमा देश बाहिर जाने र अन्य मानिसहरु सम्भव भएसम्म शहर केन्द्रित हुने प्रवृत्तीका कारण श्रमिकको अभाव ।
- ❖ कृषि तथा पशु सेवा केन्द्रको अभावमा किसानको प्राविधिक क्षमता र दक्षता न्यून ।

**वडा नं. २९**

**सम्भावना र अवसरहरु**

- ❖ वडाको अधिकांश क्षेत्र समथर, सानो भुगोल र सबै ठाँउमा सडक सञ्जालको पहुँच पुगेको र खानेपानीलगायत अन्य आधारभुत पूर्वाधार भएको र वस्ती विस्तार हुँदै गएकोले आवासीय क्षेत्रसँग सम्वन्धित व्यवसायहरुको सम्भावना बढी रहेको ।
- ❖ बजार नजिक र सहज सडक पहुँच भएकोले व्यवसायिक पशुपालन (गाई, भैँसी र बंगुर) र पोल्ट्री व्यवसायको राम्रो सम्भाव्यता रहेको ।
- ❖ वडाको तल्ले भाग बग्ने सेती नदिमा नदिजन्य सामग्रीको सहज उपलब्धता रहेकोले निर्माण सामग्री (गिट्टी, बालुवा, क्रसर, ब्लक) उद्योगहरुको पनि राम्रो सम्भाव्यता रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ अव्यवस्थित बसोबास र सुकुम्बासी वस्तीको कारण सार्वजनिक जमिन अतिक्रमण, घोतघोते खोलाको कटान र डुवानको समस्या ।

**वडा नं. ३०**

**सम्भावना र अवसरहरु**

- वडामा समथर र कृषियोग्य जमिन प्रशस्त भएको र पशु तथा कृषि सेवा केन्द्र भएकाले व्यवसायिक कृषि (तरकारी खेती, माछापालन आदि), पशुपालन (गाई, भैँसी, बंगुर आदि), मौरिपालन र पोल्ट्रि व्यवसायको व्यापक सम्भावना रहेको ।
- पोखरा विश्वविद्यालय यही वडामा रहेको र विस्तारै शहरिकरण बढ्दै गएकोले थोक तथा खुद्रा व्यापारका साथै, आवासीय सेवाका व्यवसायको लागि राम्रो अवसर रहेको ।

**समस्या तथा चुनौतीहरु**

- उपयुक्त भू-उपयोग योजनाको अभावमा जथाभावी अव्यवस्थित बस्ती विधास र जग्गा खण्डिकरणका कारण कृषियोग्य जमिनका तिब्र ह्रास आएको ।

## वडा नं. ३१

**सम्भावना र अवसरहरु**

- यस वडामा बेगनास, रूपा र मैदीजस्ता सुन्दर तालहरू रहेका, यातायातको सहज पहुँच रहेको, पहिले नै पर्यटकीय केन्द्रका रुपमा परिचित भइसकेकोले पर्यटन तथा आतिथ्य सेवासँग सम्वन्धित व्यवसायहरुको प्रचुर सम्भावना रहेको ।
- तालहरुमा व्यवसायिक माछापालन व्यबसायको लागी पनि सम्भाव्यता रहनुका साथै प्रशस्त समथर जमिन र सिँचाईको पहुँच भएकाले व्यवसायिक कृषि र पोल्ट्री व्यवबसायको लागि पनि अवसर रहेको ।

**समस्या तथा चुनौतीहरु**

- तालहरुको संरक्षण, सरसफाई, हरियाली प्रवर्द्धन र कृषियोग्य जमिनको संरक्षण चुनौतीपूर्ण रहेको ।

## वडा नं. ३२

**सम्भावना र अवसरहरु**

- प्रशस्त समथर कृषियोग्य जमिन, सुलभ सिँचाई र सहज सडक सुबिधाका कारण यस वडामा व्यवसायिक कृषि (खाद्यान्न, तोरी, तरकारी, माछापालन आदि), पशुपालन (बाख्रा, भैँसी, गाई आदि), मौरिपालन र पोल्ट्रि व्यवसायको राम्रो सम्भाव्यता रहेको ।
- ढोडबेसी र मालेपाटन क्षेत्र ऊखुका लागि प्रख्यात रहेकोले व्यवसायिक ऊखु खेती र प्रशोधन व्यवसायको राम्रो सम्भावयता रहेको ।

- ❖ लामे आहलमा क्षेत्रीय बसपार्क तथा अटो भिलेज स्थापनाको तयारी भइरहेको र नेपाल आयल निगमको पेट्रोलियम भण्डारण पनि रहेकोले शहरीकरणका साथै व्यवसायिक सम्भावना थप विस्तारित हुने अवसर रहेको ।
- ❖ गण्डकी विश्वविद्यालय र राष्ट्रीय आविस्कार केन्द्र पनी यही वडामा रहेकोले थप अवसर सिर्जना भएको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ खुदि र ताल खोलाको जमिन कटान, जनशक्ति अभाव र कृषी उपज संकलन केन्द्रको नहुनु ।
- ❖ बिभिन्न निकायबाट दिईने सहुलीयतपूण कर्जा र अनुदानको दुरुपयोग ।

## वडा नं. ३३

**सम्भावना र अवसरहरु**

- ❖ करिब एक तिहाई क्षेत्रफलमा समथर कृषियोग्य जमिन र भिरालो क्षेत्रमा प्रशस्त जङ्गल, खुला स्थान र पानीको स्रोत भएको र लगभग सबै स्थानमा पक्की बाटो पुगेकोले यस वडा व्यवसायिक कृषि खासगरि पशुपालन (गाई, भैंसी, बाखा, बंगुर)को लागी उपुयक्त रहेको ।
- ❖ खुला ठाँउ र अनुकुल हावापानी भएकोले वडाको माथिल्लो भागमा स्थानीय प्रजातीका कुखुरा, कालिज तथा माहरीपालिन र तल्लो भागमा पोल्ट्रि व्यवसायको लागि अवसर रहेको ।
- ❖ विभिन्न मन्दिर, कोटका साथै धार्मिक स्थल र माथिल्लो भेगबाट हिमाल, ताल र पोखरा उपत्यकाको रमणीय दृश्यावलोकनको सुविधा सहितको रिज्डलाईन ट्रेक (धुरी धुरी हिड्ने पदमार्ग)को सम्भावना रहकोले होमस्टे र पर्यटन व्यवसायका लागि समेत अवसर रहेको ।
- ❖ यही वडाको पुँणीटारमा प्रदेश सरकारले ठुलो औद्योगिक क्षेत्र स्थापना प्रयास भएकोले उत्पादन तथा प्रशोधन उद्योग र सम्वन्धित सहायक व्यवसायहरुको लागि समेत अवसर रहेको ।

**समस्या तथा चुनौतीहरु**

- ❖ सेती नदिको छेउछाउमा कटान तथा भू-क्षयको जोखिम, कृषिमा बाँदर आतंक र गाँउहरु रित्तिने (निर्जनिकरण)को जोखिम ।

# परिच्छेद ६

# निष्कर्ष र सुझावहरु

## ६.१ निष्कर्ष

पोखरा महानगरपालिकामा सञ्चालित व्यवसाय प्रवर्द्धन केन्द्र (बीपीसी)ले यस क्षेत्रमा उद्यमी व्यवसायीहरूलाई सशक्तिकरण गरि बजारमा उपलब्ध अवसरहरुबाट यथासम्भव लाभ लिन सहयोग गर्ने उद्देश्य लिएको छ । त्यसका लागि अध्ययन अनुसन्धान गरेर तथ्यमा आधारित प्रमाणहरु प्रस्तुत गर्ने, विभिन्न विकास साझेदारका साथै नेपाल सरकारको तर्फबाट लक्षियत वर्गका लागि ल्याइएका सहुलियतपूर्ण कर्जा तथा अनुदान सुविधाहरुमा पहुँच स्थापित गराउन सहयोग गर्ने र महानगर क्षेत्रमा व्यवसायिक वातावरण सहजिकरणका नीतिगत तथा पक्रृयागत सुधारका कार्यक्रम सञ्चालन गर्ने कार्यादेश केन्द्रलाई छ । त्यसैगरी, व्यवसायिक योजना तर्जुमाका साथै विभिन्न तहका सरकार तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरु बाट सञ्चालित कार्यक्रमहरुमा सहभागी भई साना तथा मझौला व्यवसायीको क्षमता विकास मार्फत दिगो र समावेशी विकासमा सहयोग गर्ने लक्ष्य केन्द्रको छ ।

त्यसै शिलशिलामा यस अध्ययनले पोखरा महानगरपालिका क्षेत्रमा अहिले सञ्चालित उद्यम व्यवसायहरुको मोटामोटी अवस्था कस्तो छ र भविष्यमा कस्ता व्यवसायको सम्भावना र अवसरहरु छन् भन्ने विषय उजागर गर्ने प्रयास गरेको छ । र, यसबाट प्राप्त नतिजाहरु महानगरपालिकाले तर्जुमा गर्ने नीति तथा कार्यक्रमका साथै निजी क्षेत्रले बनाउने भविष्यको व्यवसायिक तथा लगानी योजना र स्थानीय स्तरमा व्यवसायिक वातावरणका विषयमा अध्ययन अनुसन्धान गर्ने सबैलाई उपयोगी छन् ।

यस अध्ययनको निष्कर्षअनुसार पोखरामा आगामी दिनको लागि उच्च व्यवसायिक सम्भावना भएका क्षेत्रहरुमा (१) पर्यटन, र (२) सूचना तथा सञ्चार प्रविधि हुन । पहिलो पर्यटनका लागि पोखरामा निरपेक्ष र सापेक्ष दुबै प्रकारका लाभहरु छन् भने दोस्रो सूचना प्रविधिका लागि प्रतिस्पर्धी लाभको अवसर रहेको छ । यि बाहेक कृषि तथा पशुपालन र उद्योग व्यापार पोखरा जस्तो भौगोलिक तथा प्रशासनिक केन्द्रका लागि सदावाहार सम्भावनाका क्षेत्रहरु हुन । यद्यपी, यस्ता सदावहार क्षेत्रहरुको वृद्धि भने उच्च समभावना भएका पर्यटन र सूचना प्रविधि क्षेत्रको विस्तारमा निर्भर गर्दछ ।

## ६.२ सुझावहरु

अध्ययनले क्षेत्रगत र वडागत सम्भावना र अवसरहरुका साथै समस्या र चुनौतीहरु समेत पहिचान गरेको छ । तसर्थ, महानगरले नीति योजना तथा कार्यक्रम तर्जुमा गर्दा होस वा नीजि क्षेत्रले लगानीको लागि व्यवसायिक योजना र रणनीति बनाउँदा उपलब्ध सम्भावना र अवसरका साथसाथै विद्यमान समस्या र चुनौतीलाई समेत मिहिन ढंगले विश्लेषण गर्नु पर्दछ । त्यसरी सुसुचित भएको तर्जुमा गरिने नीति रणनीति तथा योजनाको कार्यान्वयनबाट नै ती चुनौतीहरूको सामना गर्न केही कदम चाल्न र भएका सम्भावना तथा अवसरको सदुपयोग गर्न सकिन्छ ।

यस अध्ययनले महानगरको स्थानीय अर्थतन्त्रमा पहिचान भएका क्षेत्रहरुले दिनसक्ने योगदानका बारेमा केही सूक्ष्म जानकारी प्राप्त गरेको छ । सूचना तथा सञ्चार प्रविधि क्षेत्रको व्यावसायिक वृद्धिमा प्रचुर सम्भावना भए पनि अहिले सुसुप्त र सुरुआती चरण रहेको स्थापित र विस्तारित हुन केही अवरोध रहेको औंल्याइएको छ । पर्यटनले अन्य व्यावसायिक क्षेत्रको तुलनामा सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा कम असर गरे पनि यसको विकास पर्यटनको विस्तारमा निर्भर रहेको देखिन्छ। यसर्थ, सूचना तथा सञ्चार प्रविधि सुधारात्मक तथा प्रवर्द्धनात्मक रणनीतिहरू अवलम्बन गर्नुपर्ने देखिन्छ । ।

यसबाहेक, यस क्षेत्रबाट प्रतिस्पर्धी लाभ हासिल गर्ने हो भने सोही अनुरूप प्रविधिमैत्री पूर्वाधार विकासमा जोड दिनुपर्छ। त्यसबाट नयाँ तथा उदीयमान उद्यम-व्यवसायहरू प्रतिस्पर्धी हुन गई उनीहरूको व्यावसायिक लागत घटाउन सक्छन् । अध्ययनले पनि सूचना तथा सञ्चार प्रविधि क्षेत्रका व्यवसायले भविष्यमा व्यवसाय विस्तारका लागि आधुनिक प्रविधिमा लगानी वृद्धि गर्ने चाहना राखेको देखाएको छ । यस क्षेत्रमा हुने नवीनतम क्रियाकलापले अन्य क्षेत्रमा थप लगानी आकर्षित गर्न व्यवसायीहरूलाई प्रेरित गर्नेछ। यी बाहेक अन्य सुझावहरु देहायबमोजिम छन् :

- **न्यूनकार्बन तथा उत्थानशील विकास :** उद्योग व्यापार क्षेत्रको विस्तारसँगै उद्योगहरूलाई जलवायु परिवर्तन र अन्य प्रकोपहरूप्रति अनुकूलित र उत्थानशील हुन न्यूनकार्बनमुखी र ऊर्जा कुशल प्रविधिहरूमा लगानी गर्न प्रोत्साहन गर्ने । यसबाहेक नयाँ औद्योगिक क्षेत्रले वातावरण संरक्षण, उत्थानशीलता तथा न्यूनकार्बन उत्सर्जन सम्बन्धी आवश्यकता र मार्गदर्शन तय गर्ने ।

- **व्यावसायिक र पेशागत सीप विकास :** यसका लागि सम्भावित वनउद्यमी तथा श्रमिकहरुलाई स्थानीय तालिम प्रदायक संस्थाहरू परिचालन गरी विज्ञको सहयोगमा तालिम दिन सकिन्छ र यसले बढ्दो हरित अर्थतन्त्रमा रोजगारीका अवसरहरू विस्तार गर्न सहयोग पुऱ्याउँछ ।

- **समावेशीकरण :** सीमान्तीकृत समुदायहरूको सहभागिता वृद्धि गर्न नगरपालिकाले उच्च वृद्धि र विस्तारको सम्भावना भएका उद्योगहरूलाई प्रोत्साहन उपलब्ध गराउनु पर्छ ।

- **विप्रेषणको उत्पादनशील उपयोगमा जोड :** विदेशबाट प्राप्त हुने विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन प्रोत्साहन गर्न कार्यक्रमहरू ल्याइनुपर्छ । यसबाट दैनिक उपभोग्य वस्तु वा अन्य घरायसी सामग्रीजस्ता अनुत्पादनशील क्षेत्रमा खर्च कम भई आर्थिक लाभ सिर्जना हुन पुग्छ ।

- **व्यावसायिक वातावरण :** विभिन्न रणनीतिमार्फत् व्यवसाय सञ्चालन गर्ने वातावरणमा सुधार गर्न सकिन्छ, जसलाई थप मूल्यांकन र प्राथमिकीकरण गरिनुपर्छ । यसअन्तर्गत नयाँ दर्ता प्रक्रियाको सरलीकरण, व्यवस्थित ठोस फोहर व्यवस्थापन प्रणालीका साथै अन्य सार्वजनिक सेवाको विकास, पुँजीमा सहज पहुँच, सार्वजनिक खरिद प्रक्रियाको सहजीकरणलगायत पर्दछन् ।

- **सार्वजनिक-निजी साझेदारी :** सार्वजनिक-निजी साझेदारीलाई बृहत् स्तरका औद्योगिक तथा सेवामूलक उद्योगमा लगानी गर्न प्रोत्साहित गर्न सकिन्छ ।

**खासगरि सूचना प्रविधि क्षेत्रको प्रवर्द्धनका लागि देहायका बुँदाहरूलाई महत्वपूर्ण हुन्छन् ।**

- अर्धदक्ष कामदारलाई प्राविधिक तालिममार्फत् पुनःसीप प्रदान गरी सूचना प्रविधिमा आधारित अर्थतन्त्रमा गतिशील बनाई दक्ष श्रमको आपूर्ति सबलीकरण गर्ने ।
- उच्च प्रविधियुक्त अर्थतन्त्रमा प्रमुख गैर-व्यापारयोग्य सेवाहरू उपलब्ध गराउन न्यून सीप भएका कामदारले पनि महत्वपूर्ण भूमिका खेल्न सक्छन्, यसर्थ यस्ता क्षेत्रहरूमा स्थानीय युवालाई अवसर उपलब्ध गराउने विषयमा ध्यान केन्द्रित गर्नुपर्छ ।
- पोखरा महानगरमा उच्च सीपयुक्त सिर्जनशील जनशक्ति र सूचना प्रविधि क्षेत्रका गतिशील सेवा प्रदायकलाई आकर्षित गर्न अन्तर्राष्ट्रिय स्तरका भौतिक पूर्वाधार विकासमा जोड दिने ।

पोखरा महानगरपालिका
व्यवसाय पर्वद्धन केन्द्र
सभागृह, पोखरा
वेभसाइटःhttps://bpc.pokharamun.com.np
इमेलःbpc.pokharametro@gmail.com
फोनः ०६१-५९११०८